
# लेखापरीक्षण प्रतिवेदन

# कालिका नगरपालिका, चितवन

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कालिका नगरपालिका, चितवन

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/186

**विषय** : लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,

कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

चितवन ।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ । हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७ करोड ९८ लाख १५ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३५ लाख २५ हजार, विद्यालय क्षेत्र विकास योजनाको रु १ करोड ५७ लाख ६८ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रु. ४० लाख ९७ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख ४ हजार समेत गरी रु. २० करोड ३६ लाख ९ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रु. १ अर्ब ७७ करोड ८६ हजारको लेखापरीक्षण गरिएकोमा रु. १ करोड ८२ लाख ५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३५ लाख ३५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. १३ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. ७७ लाख ३७ हजार र नियमित गर्नुपर्ने रु. ५५ लाख ९१ रहेको छ । गत वर्षसम्म रु. ४ करोड ३३ लाख ४४ बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ६६ लाख ७९ रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने कालिका नगरपालिका, चितवनसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

**अन्य ब्यहोरा**

नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८४ | १२३ | १,८२,०५,०४४ | ० | ५९ | ३५,३५,३८५ | ० | ८४ | ६४ | १,४६,६९,६५९ | १३,४२,२२३ | ५५,९०,८३० | ७७,३६,६०७ | ० | ० | १,३३,२७,४३७ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | ४,३३,४४,००० | ० | १३,३४,३४२ | ४,२०,०९,६५८ | ० | १,४६,६९,६५९ | ५,६६,७९,३१७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ८ | अनुदान फिर्ता बाँकी | ८,०३,६०० |
| २ | २०७९/८० | २७ | पेस्की बाँकी | ८०,००० |
| ३ | २०७९/८० | १६ | दहत्तर बहत्तर संकलन | ४,५०,७४२ |
| ४ | २०८०/८१ | ५० | नियमित काममा बैठक भत्ताः | २२,९५० |
| ५ | २०८०/८१ | ५६ | धरौटी फिर्ता | २६,६१,२२५ |
| ६ | २०८०/८१ | ८४ | ट्याक कोट | २,७३,९८० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | ३२ | जीतपुर सहपुर सडक निर्माणः | ३,०८,२९८ |
| ८ | २०८०/८१ | ५२ | खरिद समिति बैठकः | ४५,९०० |
| ९ | २०८०/८१ | ८८ | बढी परिमाण नापी गरी भुक्तानीः | ७३,९१२ |
| १० | २०८०/८१ | ४८ | बढी दरमा भुक्तानीः | ५५,४४० |
| ११ | २०८०/८१ | ५४ | प्रशिक्षकको वढी दरमा भुक्तानीः | ८२,२८० |
| १२ | २०८०/८१ | २८ | विद्यालयको भवनमा तला थपः | ११,४०० |
| जम्मा | | | | ४८,६९,७२७ |

लेखापरीक्षण बक्यौताको विवरण

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| बक्यौता नरहेको | |

# (८०३३१४०१३०० - कालिका नगरपालिका, चितवन )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १४९.०८ वर्ग किलोमिटर तथा ५२ हजार १६४ जनसंख्या रहेको छ । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।४ देखि २०८१।९।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब ७७ करोड ८६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

२.१ **आय व्यय विवरण :**

**(क) स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली:** पालिकाले आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७०, प्राप्ति तथा भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन देहायनुसारको पेश गरेको छ ।

| क्र.स./आर्थिकसङ्केत | विवरण | जम्मा रु. |
|---|---|---|
| | राजस्व, अनुदानर अन्य प्राप्ति | |
| ११००० | कर | २१३२०९२०५.७८ |
| १३००० | अनुदान | ४०४५०६४००.६८ |
| १४००० | अन्यराजस्व | ४०२२९५८६.६६ |
| १५००० | विविधप्राप्ति | ४४२४१७. |
| क | **कुलजम्मा प्राप्ति** | ६५८३८७६१०.१२ |
| ३ | चालु | ३८८०८६२९२.९६ |
| २१००० | पारिश्रमिक / सुविधा | २३१८३०००१.८ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १३११९१८१८.७३ |
| २५००० | सहायता (Subsidy) | १४१९४१२९.९४ |
| २६००० | अनुदान | ० |
| २७००० | सामाजिकसुरक्षा | ७५३६०४४.४९ |
| २८००० | अन्यखर्च | ३३३४२९८. |
| ४ | पूंजीगत | २८३३२९३२८.०३ |
| ३१११० | भवनतथा संरचना | ३९४०८८२. |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १२९९४५८१.३७ |
| ३११३० | अन्यपूँजीगत खर्च | ६४३४७२४.२८ |
| ३११४० | सुरक्षाउपकरण | ९२७०३९.१९ |
| ३११५० | सार्वजनिकनिर्माण | २५५६३६३२६.४३ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | १६२१८९३. |
| ३११७० | पूँजीगतसुधार खर्च | १७७३८८१.७६ |
| ख) | कुलजम्मा भुक्तानी | ६७१४१५६२०.९९ |
| ग) | बचत /कमी (ग = क-ख ) | -१३०२८०१०.८७ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १९९४७७३.२ |
| घ.१) | कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी | |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | -११०३३२३७.६७ |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | १११०७४७४५.९२ |
| छ) | विनिमयनाफा/घाटा तथा अन्य समायोजन | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १०००४१५०८.२५ |

**(ख) एकीकृत आय व्यय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था देहायबमोजिम पेश गरेको छ

| सिनं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | | **विवरण** | रकम | |
| १ | **गत वर्षकोजिम्मेवारी (क+ख)** | | ११‍१०७४७४६ | १ | **चालु खर्च** | | ३८८०८६२९३ |
| | क) संचितकोष बैक | ७४६६००१६ | | २ | **पूँजीगतखर्च** | | २८३३२९३२८ |
| | ख) विभिन्न कोषहरुबैक | ३६४१४७३० | | ३ | वित्तीयव्यवस्था भुक्तानी | | |
| | ग २.७ -विविध खर्च खाता | ३२०७७३८ | | | क) ऋणभुक्तानी | | |
| | ग ३.१ - स्थानीय तह धरौटी खाता | २३१८४३६७ | | | ख) ब्याजभुक्तानी | | |
| | ग ५.१ - स्थानीय तह विविध कोष खाता | ८४३८४०६ | | | ग) अन्यभुक्तानी | | |
| | ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १५८४२१८ | | ४ | लगानी | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | २५३८८१२०९ | | ऋण लगानी | | |
| | क) आन्तरिकराजस्व | ५९८३३७८९ | | | शेयर लगानी | | |
| | ख) राजस्वबाँडफाँड/दहत्तर बहत्तर बाट | १९४०४७४२१ | | | अन्य लगानी | | |
| | ग) अन्यआय | | | ५ | **धरौटीफिर्ता** | | १०४९९९९५ |
| ३ | **वित्तीयहस्तान्तरण** | | ३५५५२८९०८ | ६ | **कोष खर्च** | | ५०३५५६६ |
| | क) वित्तीयसमानीकरण अनुदान | १२५४५७००० | | ७ | **अन्तरसरकारी** | | २०३६०८८७३ |
| | ख) सशर्तअनुदान | २२२०५५२६१ | | **७** | **मौज्दात** | | |
| | ग) समपूरकअनुदान | ७०३९१९७ | | | **क) नगदमौज्दात** | | |
| | घ) विशेषअनुदान | ९७७४५० | | | **ख) बैंकमौज्दात** | | १०००४१५०८ |
| | | | | | **चालु खर्च** | ० | |
| ४ | **प्रदेशसरकारबाट प्राप्त अनुदान** | | ३१७८६८८७ | | **पूजिगतखर्च** | ० | |
| | क) वित्तीयसमानीकरण अनुदान | १४१०१००० | | | **संचित कोष** | ६१६३२००५ | |
| | ख) सशर्तअनुदान | १७६८५८८७ | | | **विविध कोष** | ५५८८४०६ | |
| | ग) समपूरकअनुदान | | | | **विपदव्यवस्थापन** | ५५३०२१३ | |
| | घ) विशेषअनुदान | | | | **कर्मचारीकल्याण कोष** | ३३५०००० | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ङ) कोभिडविशेष | | | | **धरौटी** | २११५७५१३ | |
| ५ | अन्तरसरकारी | २०३६०८८७३ | २०३६०८८७३ | | **विविध खर्चखाता** | १३२१८०८ | |
| ६ | वित्तीयव्यवस्था प्राप्ति | | | | **विभाज्यकोष** | १४६१५६३ | |
| | क) ऋणप्राप्ति | | | | | | |
| | ख) साँवाप्राप्ति | | | | | | |
| | ग) ब्याजप्राप्ति | | | | | | |
| ७ | विभिन्नकोषतर्फको आय | | ७५९५६३१ | | | | |
| ८ | जनसहभागिता (नगद) | | ४२८२१८३ | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम/ सडकवोर्ड/जि.स.स | | १२९०८४२३ | | | | |
| 10 | धरौंटी आय | | ८४७३१४० | | | | |
| 11 | साट्न बाकीर हि.मि . | | | | | | |
| | संचितकोषखाता बैक हि मि | | | | | | |
| 12 | अन्य विविधआय/विभाज्य कोष | | १४६१५६३ | | | | |
| | **जम्मा** | | ९९०६०१५६३ | | **जम्मा** | | ९९०६०१५६३ |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) तयार गर्नुपर्छ । पालिकाले स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्राणालीको अनूशुचि १४ मा अन्तरसरकारी अख्तियारी प्रविष्टि गरेतापनि उक्त आर्थिक कारोवारको सारांश कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०.१) मा समावेश भएको देखिदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्न पहल गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|---|
| १. | सामाजिकसुरक्षा तथा संरक्षण | १८०१५६२०० | १७९८१४९०८ |
| २. | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | ३५५०००० | ३५२४७०० |
| ३. | विद्यालयक्षेत्र विकास योजना | २०९८४००० | १५७६८६०९ |
| ४. | पर्यटनपुर्वाधार विकास आयोजना | ४०९६८६० | ४०९६८६० |
| ५. | अन्य,सूचना व्यवस्थापन | १०००००० | ० |
| ६. | गरिवसंग विश्वेश्वर कार्यक्रम | ४१५००० | ४०३७९६ |
| जम्मा | जम्मा | २०९३०२०६० | २०३६०८८७३ |

२.३ **फरक हिसाब** – पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ (प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन) ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षकोजिम्मेवारी | यसवर्षकोप्राप्ति | यसवर्षकोभुक्तानी | बैङ्कमौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १११०७४७४६ | ८७९५२६८१७ | ८९०५६००५४ | १०००४१५०८ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०.१) | १११०७४७४६ | ६५८३८७६१० | ६७१४१५६२१ | १०००४१५०८ |
| फरक | ० | २२११३९२०७ | २१९१४४४३३ | ० |

(क) स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ११०९०९७४५.९२ मौज्दात कायम भएकोमा पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार यो बर्षको शुरुमा रु. १११०७४७४५.९२ जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १६५००० बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)को बैंक तथा नगद बाँकीको प्रतिवेदन अनुसार देहायबमोजिमको बैकं अनुसार बाँकी रु. ४४९४८७६ बढी रहेको विवरण पेश गरेको छ ।

| खाताकोप्रकार | श्रेस्ता अनुसारबाकी रु. | बैंक अनुसार बाकीरु | फरक |
|---|---|---|---|
| नगद | ० | ० | ० |
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.१, चालू खर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ० | ० |
| ग २.७, विविध खर्च खाता | १३२१८०८ | १३२१८०८ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | २११५७५१३ | २११५७५१३ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६१६३२००५ | ६६१२६८८१ | ४४९४८७६ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ८९३८४०६ | ८९३८४०६ | ० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | १४६१५६३ | १४६१५६३ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५५३०२१३ | ५५३०२१३ | ० |
| जम्मा | १०००४१५०८ | १०४५३६३८४ | ४४९४८७६ |

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव उक्त निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(ख) पालिकाले स्रेस्ता र बैंकबीचमा देखिएको फरक सम्बन्धमा यकिन गरी हिसाब पेस गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण :**

आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाइ विश्वसनिय बनाउन र प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन नगरेको,

· आर्थिक कार्यविधि ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शिर्षकको अनुगमन तथा मुल्यांकन गरी भौतिक तथा वित्तिय नतिजाको मुल्यांकन गरी प्रतिवेदन तयार नगरेको,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता भ्रमण भत्ता तालिम गोष्ठीतर्फ बढी केन्द्रीत भई नतिजामुलक तरिकाले खर्च नगरेको,

· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,

· पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ति समितिहरुको दर्ता नगरेको,

· सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको,

· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य नभएको,

· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

· वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको तथा शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार नगरेको,

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी नराखेको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बजेट तथा कार्यक्रम-**

यसमा देहायका व्यहोरा देखिएका छन् -

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐनमा बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुगमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने, आगामी बजेट तयार गर्दा साविकको उपलब्धीको विश्लेषण गर्ने योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकिकरण गर्ने, विगत देखिको दायित्व बजेट निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिइ बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ। बजेट निर्माण गर्दा स्थानिय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने, योजना तयार गर्दा गाँउटोलबाट वडामार्फत गर्नुपर्ने जस्ता व्यवस्था आंशिक मात्र कार्यान्वियन भएका छन । यस्ता व्यवस्थाको पुर्ण कार्यान्वियन गरी बजेटलाई गरिवी निवारण गर्ने, आय आर्जन रोजगारी सिर्जना गर्ने उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने, स्थानिय स्रोत साधनको प्रयोग नहुने सिमित व्यक्तिलाइ मात्र

फाइदा हुने र गरिवी निवारण एवं रोजगारी सिर्जना नहुने वितरणमुलक क्रियाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानिय सरकार संचालन ऐनको पुर्ण कार्यान्वियन गर्नुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८०।३।१० गते रु. ८६ करोड १७ लाख ३६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

५ **प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन-**

यसमा देहायका व्यहोरा देखिएका छन् –

५.१ दरबन्दी र पदपूर्ति – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका र अन्तर्गतका निकायहरुमा प्रमुख प्रशासकीय अधिकृत सहित ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ७८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएको सि.डि.ई पद रिक्त छ । तसर्थ रिक्त पद यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **करार कर्मचारी :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो कार्यवोझ राजश्व क्षमता,खर्चको आकार, स्थानिय आवश्यकता र विशिष्टतालाइ समेत ध्यानमा राखी कर्मचारी समायोजन भएपछी संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा विषयगत शाखा महाशाखा रहेको संलग्न संरचना कायम गर्ने, प्रमुख प्रशासकिय अधिकृतले पालिका वा पालिकाको अधिकार क्षेत्र तथा कार्यवोझ समेतको विश्लेषण गरी स्थायी प्रकृतिको कामका लागि आवश्यक पर्ने सेवा करारमा लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव भत्ता संचयकोष कट्टी रकम उपदान र निवृत्तिभरणको रकम औषधी उपचार सँग सम्बन्धित विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरेर खर्च सुनिश्चित गरेर दरबन्दी प्रस्ताव गर्न सक्ने व्यवस्था छ ।सोही ऐनको उपदफा ८ मा उक्त दफामा जुनसुकै कुरा उल्लेख भएतापनि पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धीत पदमा स्थायी पदपुर्ति नगरी प्रतिस्पर्धाको आधारमा करार सेवाबाट मात्र पदपुर्ती गर्नुपर्ने र अन्य सेवामा करारबाट पदपुर्ति गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले विभिन्न स्वीकृत दरबन्दी र कार्यक्रम करार तथा स्वास्थ्य तर्फका प्राविधिक पदमा समेत १११ जना कर्मचारीहरू करारमा राखि रु.

१६२२८५४८ खर्च लेखेको छ । उल्लेखित पदमा बाहेक पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेको ६ जना कर्मचारी करारमा राखि बार्षिकरु. २६२६३५६ भुक्तानी गरेको विवरण पेश गरेकोछ ।स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगरका पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमित नदेखिएको रु………

| | |
|---|---|
| अनियमित भएको | २६,२६,३५६ |

६ **इन्धन खर्च**

सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका२०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.६०५५३७८ र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयमा चार पाँग्रे सवारी ४ वटा, ट्रिपर १ वटा, ब्याक हो लोडर १ वटा, ग्रेडर १ वटा, दुईपाँग्रेसवारी साधन१७ वटारहेको र सवारीसाधनको सुविधामा पाउने पदाधिकारी २ जना मात्र रहेकोमा सवारीसाधनको सुविधा पाउने पदाधिकारी तथा अन्य सवारी साधनमा प्रयोग भएको इन्धनको एकीकृत अधिलेख राखेको छैन । महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । लगबुक प्रमाणित गराई अभिलेख नराख्ने र लगबुक बेगर भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु 1३९९७१० खर्च गरेको छ । पालिकाले सुचना प्रकाशनको लागि दररेट माग गरी न्युनतम मुल्य प्रस्ताव गर्नेलाइ सुचना प्रकाशन गर्ने गरी निर्णय गरेको अवस्था छ र सोही वमोजिम सुचना प्रकाशन भएको अवस्था विद्यमान छ । जसअनुसार सुचना प्रकाशन गरेवापत पब्लिक एडभरटाइजिमङले प्रभाव दैनिकमा भ्याट वाहेक प्रति सीसी रु. ५९ र नागरिक दैनिकमा सुचना प्रकाशन गर्दा २६६ को दररेट पेश गरेको देखिन्छ । पालिकाले दररेट अनुसार सुचना प्रकाशन गर्दा रु ३०४९९४ खर्च भएको देखिन्छ । यसरी हेर्दा दर रेटमा प्रतिस्पर्धा गर्दा पालिकाको विनियोजित वजेटमा रु १४००००० मा रु ३०४९९४ खर्च गरी रु १०९५००६ बचत हुनुपर्ने देखिन्छ । तर पालिकाले दररेट माग गरेर प्रतिस्पर्धाबाट सस्तो दरमा सुचना प्रकाशन खर्च गरी लाभ लिनुपर्नेमा विभिन्न १०० भन्दा वढी सुचना प्रकाशनकर्तालाई नगर प्रमुखको तोकादेशको आधारमा भुक्तानी गरी विनियोजित बजेट रु. १३ लाख ९९ हजार खर्च भएको देखिन्छ । एकातिर न्युनतम दररेटमा सुचना प्रकाशन भएको देखिएतापनि तोकादेशबाट पटके रुपमा फरक प्रकाशन गृह मार्फत सूचना प्रकाशन गर्दा समग्रमा कार्यालयले सो वमोजिम फाइदा लिन सकेको देखिएन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा E-Bid मार्फत प्रतिस्पर्धात्मक विधिबाट दर निर्धारण गरेता पनि विनियोजन भएको सवै रकम सुचना प्रकाशन भनी विभिन्न मिडियालाई भुक्तानी गर्दा सो प्रतिस्पर्धाबाट लाभ लिन सकेको देखिएन । यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

८ **विविध खर्चः–**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको यस यस वर्षको आन्तरिक आय रु. ५ करोड ९८ लाख ३३ हजार रहेकोमा विविध शीर्षकबाट रु. २६ लाख खर्च गरेकोमा अधिकांश खर्च खाना, खाजा प्रयोजनका लागि गरेको देखिन्छ । खाना खाजामा खर्च लेख्दा उक्त खर्चको प्रयोजन, अतिरिक्त समयको काम तथा अवस्था खुल्ने गरि गर्नुपर्नेमा सो गरेको देखिएन । जसले गर्दा उक्त खर्च

यथार्थपरक रहेको यकिन गर्न सकिएन । साथै अधिकांश खर्चलेख्दा प्रयोजन खुल्ने प्रमाण र कागताज संलग्न नरहेकोले कुन प्रयोजनका लागि गरेको सो समेत खुल्दैन । पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

९ **आर्थिक सहायता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाको आन्तरिक आय रु. ५ करोड ९८ लाख ३३ हजार मात्र रहेकोमा यो वर्ष औषधी उपचार, क्रिया खर्च, संघसस्थालई सहयोग लगायतका शीर्षकमा १५८ व्यक्ति तथा संस्थालाई रु ४००० देखी ७३७५० सम्म नगद आर्थिक सहायता सहयोग वापत रु ११,४५,१३५।- खर्च भएको छ। पालिकाले आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण देहायबमोजिम छन ।

| गो भौ नं मिति | नाम | रकम |
|---|---|---|
| १५२३-२०८०/३/१२ | नेपाल नगरपालिका संघ | १००००० |
| | पेशागत महासंघ नेपाल | २०००० |
| १६३८-२०८१/३/१७ | नेपाल राष्ट्रिय शिक्षक संगठन | ३०००० |

१० **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले मिति २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा देहायबमोजिम रु १ करोड ३२ लाख ४ हजार खर्च लेखेको देखिन्छ ।

| पद | यातयात | पत्रपत्रीका ‍ःइन्टरनेट | टेलिफोन | अतिथि सत्कार | जनसम्पर्क विशेष सुविधा | खानेपानी तथा विजुली | मर्मत संभार र सरसफाइ / खर्च | खाजा खर्च | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|
| नगर प्रमुख | ० | २४००० | २४००० | १२०००० | १३२००० | ४२००० | ३६००० | ६६००० | ४४४००० |
| नगर उपप्रमुख | ० | २४००० | ४८००० | ७२००० | १३२००० | ३०००० | ३६००० | ६६००० | ४०८००० |
| वडा अध्यक्ष | ५९४००० | २६४००० | ३३०००० | ६६०००० | ९९०००० | १३२००० | १३२००० | ४६२००० | ३५६४००० |
| कार्यपालिका सदस्य | २४०००० | ९६००० | १४४००० | २४०००० | १९२००० | ९६००० | ९६००० | १४४००० | १२४८००० |
| सदस्यहरु महिला समेत | ११६५००० | ४६६००० | ६९९००० | ११६५००० | ० | ४६६००० | ० | ६९९००० | ४६६०००० |
| **जम्मा** | १९९९००० | ८७४००० | १२४५००० | २२५७००० | १४४६००० | ७६६००० | ३००००० | १४३७००० | १०३२४००० |

११ **त्रैमासिक खर्च :**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेटउपशिर्षक | कुल खर्च | (रकमरु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रोत्रैमासिक | तेस्रोत्रैमासिक | चौथौत्रैमासिक | आषाढमहिना |
| पुँजगत खर्च | २८३३२९ | ३५२९० | २८२४९ | ४४९२० | १७४८७१ | ९७६५५ |
| चालु खर्च | ३८८०८६ | ८८८५५ | ६६९२६ | ८३४१६ | १४८८८८ | ६६५५९ |
| जम्मा खर्च | ६७१४१६ | १२४१४५ | ९५१७६ | १२८३३६ | ३२३७५९ | १६४२१४ |
| खर्च प्रतिशत | | १८.४९ | १४.१८ | १९.११ | ४८.२२ | २४.४६ |

**पालिकाले** उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६७ करोड १४ लाख १६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. १२ करोड ४१ लाख ४५ हजार अर्थात १८.४९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ९ करोड ५१ लाख ७६ हजारअर्थात १४.१८ प्रतिशत तेश्रो त्रैमासिकमा रु.१२ करोड ८३ लाख ३६ हजारअर्थात १९.११ प्रतिशत र चौथो त्रैमासिकमा रु ३२ करोड ३७ लाख ५९ हजार अर्थात ४८.२२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनैआषाढ महिनामा मात्र रु.१६ करोड ४२ लाख १४ हजार अर्थात २४.४६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृतसमानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | ७२७७१००२ | ५८२०६१२० | ८.६७ |
| पूर्वाधार विकास | ३३०७३४९०० | २०५५४९६२८ | ३०.६१ |
| सामाजिक विकास | ३१७५९१९६५ | २८६८५४०३१ | ४२.७२ |
| संस्थागतविकास सेवा प्रवाह र सुशासन | २०६१०२५० | १२९४४५३२ | १.९३ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२१९११८८३ | १०७८६१३११ | १६.०६ |
| जम्मा | ८६३६२०००० | ६७१४१५६२१ | १०० |

**उपरोक्त** विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.७२ प्रतिशत र संस्थागत विकाससेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.९३ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

१३ **सेवाप्रवाह विवरण**

**:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन नियम, नीति बनाउने, योजना तथा कार्यक्रम तयार गरी कार्यान्वियन गर्ने र सेवा प्रवाह गर्नुपर्ने व्यवस्था छ। कार्य विस्तृतिकरण प्रतिवेदन अनुसारका कार्य गर्न आवश्यक संयन्त्र बनाइ कार्य गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको सेवाप्रवाहको विवरण देहायबमोजिम छ ।

| कालोपत्रे सडक | ग्राभेल सडक | कच्ची सडक | जन्म दर्ता | मृत्यु दर्ता | बसाईसराई | विवाह दर्ता |
|---|---|---|---|---|---|---|
| १०.०५कि.मि | १०.०५८ कि.मि | २९.१६कि.मि | १३४६ वटा | ३२१ वटा | २११वटा | ४४७वटा |

पालिकाले व्यक्तिगत घटना दर्ता र सडक निर्माण तर्फको मात्र प्रगति विवरण पेश गरेको तर समग्र उपलब्धीको विवरण तयार नगरेकोले पालिकाबाट प्रदान गरिने सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

१४ **कानून र निर्देशिका निर्माण र कार्यान्वियन** -

यसमा निम्न व्यहोरा देखिएका छन् –

(क) **कानुन निर्माण र कार्यान्वयन** -स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिकाकार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन,३ वटा नियमावली, ५८ वटा कार्यविधि,६ निर्देशिका र १ नर्म्स लगायत ९५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

(ख) **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐननियमनिर्देशिकाकार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ ।पालिकाले कानून उल्लेख नगरी कार्यविधि नर्देशिका, नर्म्स र मापदण्ड तयार गरेको उपर्युक्त देखिएन ।

**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष १६ विवाद दर्ता भएकोमा १२ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१५ **अनुदान फिर्ता** –

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार यस वर्षसंघतर्फको रु. ४०६८३५६३.५८ र प्रदेश तर्फको रु४२९६११२.८९गरी जम्मा रु. ४४९७९६७६.४७ अनुदान खर्च नभई बाँकी रहेको रकम मिति २०८१-०३-३१ सम्ममा फिर्ता गरेको छ ।

| **स्रोत** | **अनुदानको प्रकार** | **आम्दानी** | **खर्च रकम** | **बाँकी रकम** | **फिता गरेको रु.** |
|---|---|---|---|---|---|
| नेपालसरकार | शसर्तअनुदानचालु | २२५२१५००० | २१२२७९२१६ | १२९३५७८४ | १२९३५७८४ |
| | शसर्तअनुदानपुँजीगत | ३७५०००००० | ९७७६०४५ | २७७२३९५५ | २७७२३९५५ |
| | विषेशअनुदान पुँजीगत | ९७७४५० | ९७७४५० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ७०६३०२१ | ७०३९१९७ | २३८२४ | २३८२४ |
| | **जम्मा** | २७०७५५४७१ | २३००७१९०८ | ४०६८३५६४ | ४०६८३५६४ |
| प्रदेश | शसर्तअनुदान चालु | १७४८२००० | १५२६६९७४ | २२१५०२६ | २२१५०२६ |
| | शसर्त अनुदानपुँजीगत | ४५००००० | २४१८९१३ | २०८१०८७ | २०८१०८७ |
| | विषेश अनुदान पुँजीगत | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ० | ० | ० | ० |
| | **जम्मा** | २१९८२००० | १७६८५८८७ | ४२९६११३ | ४२९६११३ |
| | **कुल जम्मा** | २९२७३७४७१ | २४७७५७७९५ | ४४९७९६७६ | ४४९७९६७६ |

यसरी प्राप्त भएको अनुदान समेत उपयोग नगरी रकम फिर्ता गर्दा विकास लक्ष्य पुरा भएको अवस्था देखिएन । खर्च गर्ने क्षमतामा सुधार हुनुपर्दछ ।

१६ **सम्पति व्यवस्थापन :**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

(क) **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले जग्गा भवन तथा अन्य सम्पत्तिको अभिलेख जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा सम्पती हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

(ख) **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

(ग) **जिन्सी सम्पतिको सुरक्षा** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन ।

(घ) **मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

### १७ अनुगमन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्नेपदाधिकारी तथा कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. २९८९०७६ खर्च गरेको देखिन्छ ।भ्रमण खर्च लेख्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश भ्रमण आदेशमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्थ हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

### १८ सवारी मर्मत खर्च

बाम्मती प्रदेशकोप्रदेश आर्थिक कार्यविधी ऐन२०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । पालिकामा दुई पाङ्ग्रे सवारी साधन १७ वटा ४ पाङ्ग्रे सवारीसाधन ५ वटा तथा एक एक वटा जेसिबि एक्सभेटर ट्रिपर रहेकोमा यो वर्ष सवारी मर्मत शिर्षकमा रु. २३९४११५ खर्च गरेको छ । पालिकाले सवारीसाधन मर्मत ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेता पनि समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । लगवुक स्पस्ट देखिने गरी खर्च गर्नुपर्दछ। पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।साथै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नु पर्दछ ।

## १९ कर्मचारी प्रोत्साहन र कोष

१९.१ **कर्मचारी प्रोत्साहन भत्ता** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाइ साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानिय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ ।त्यसैगरीसार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०७८ को बुँदा नं ११ मा कुनै प्रकारका भत्ता प्रदान नगरिने उल्लेख छ । अर्थ मन्त्रालयको २०८०।८१ को बजेट कार्यान्वियन सम्बन्धी मार्गदर्शनको बुदा नं. ५९ मा कार्यालय अन्तर्गत विभिन्न मापदण्डकार्यविधिनिर्देशिकामा व्यवस्था गरी प्रदान गरिएका अतिरिक्त भत्ता,प्रोत्साहन भत्ता र विशेष भत्ताहरु खारेज गरिएका हुँदा त्यस किसिका भत्ताहरु नदिने व्यवस्था छ । उल्लेख व्यवस्था विपरित पालिकाले असार महिनामा कर्मचारीहरुलाई कार्यालय समय भन्दा बढी विहान वेलुका र सार्वजनिक विदाको दिन अतिरिक्त समय कार्य गरेवापत ४५ जना कर्मचारीलाई प्रोत्साहन स्वरुप रु. ६००००० खर्च लेखेको छ । कर्मचारी प्रोत्साहत भुक्तानी गर्दा सूचकसहितको कार्यसम्पादन नतिजा, मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ ।

१९.२ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले गत विगतमा कर्मचारी कल्याण कोषमा रकम कट्टी गरी राखेको पाइएन । विगतका आर्थिक वर्षहरूमा यस कोषमा हस्तान्तरण गरेको जम्मा रकम रु २८ लाख ५० हजार रहेको यसवर्ष कार्यविधि वेगर एकमुष्ठ रु. ५००००० थप गरी जम्मा रु ३३ लाख ५० हजार मौज्दात रहेको देखिन्छ । पालिकाले कार्यवधि तर्जुमा गरी स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

## २० आन्तरिक लेखापरीक्षण -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै दफा ३ मा आन्तरिक लेखापरीक्षकले औल्याएका कैफियत सम्बन्धि अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै समपरीक्षण गराउनुपर्नेछ भनी उल्लेख छ ।साथै आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ ।

पालिकाले आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले लेखापरीक्षण हुन नसकेको जनाएको छ । कार्यालयले चौमासिक रूपमा आन्तरिक लेखापरीक्षण नगराएकोले आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्णालीको प्रभावकारीता बृद्धी गर्नु पर्दछ ।

२१ **उपभोक्ता समितिबाट सञ्चालित योजनाको प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलकउत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजनाहरु न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु ५ लाख सम्म | रु ५ लाख देखि १० लाखसम्म | रु १० लाखदेखि २० लाखसम्मका | रु २० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|
| २०३ | ४६ | १५ | ७ | २७१ |

पालिकाले ठेक्का मार्फत १८ र उपभोक्ता समिति मार्फत २५३ गरी २०८०/८१ मा २७१ योजना सञ्चालन गरेको छ।सो मध्ये रु. ५ लाख भन्दा मुनिका मात्र ७५ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्नेसंचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

२२ **चर्च भवन मर्मतः**

पालिकाले सार्वजनिक निर्माण गर्दा सार्वजनिक स्थानमा र पालिकाको स्वामित्वमा रहेको जग्गामा निर्माण गर्नुपर्दछ । परम्परागत रुपमा मन्दिरहरु जनताको आवास भन्दा टाढा र छुट्टै स्थानमा रहने, गुम्बाहरु सार्वजनिक स्थानमा नै निर्माण हुने भएतापनि चर्चहरु बस्तीको बिचमा र समुदाय भित्रै रहन्छन् । चर्चको संरचना समेत अन्य प्रयोजनमा उपयोग गर्न सकिने खालको हुन्छ। यस्तो अवस्थामा चर्च बनाउँदा व्यक्तिको जग्गामा रहे÷नरहेको, बनेको स्थान सार्वजनिक भए÷नभएको यकिन गर्नुपर्दछ । यो वर्ष पालिकाले देहाय अनुसारको चर्च निर्माण गरेकोमा निर्माण भएको जग्गाको स्वामित्व खुलाएको छैन ।यसले गर्दा चर्च भनि निर्माण भएका भवनको र स्वामित्व स्पष्ट हुने प्रमाण पेश हुनुपर्ने रु

| भौ.नं.÷मिति | योजना÷कार्यक्रम | खर्च रु. |
|---|---|---|
| २९२–२०८१।२।११ | देउजर चर्च वडा नं. १० | २,४६,१२० |
| २९५–२०८१।२।१३ | मुक्ति मण्डलि चर्च कम्पाउण्ड वाल | ५०,००० |
| १४५–२०८०।११।१५ | यरुजलेम विल्लिभर्स चर्च पूर्वधार निर्माण | २,००,००० |
| ८९४–२०८०।११।०१ | चर्चलाई आवश्यक सामग्री खरिद | ९९,३३२ |
| | जम्मा | ५९५४५२ |

| प्रमाण पेश नगरेको | ५,९५,४५२ |
|---|---|

२३ **गत आर्थिक वर्षको भुक्तानी बाँकी**

आर्थिक कार्यविधि नियमावलि २०७७ को नियम ३९(१५ ) पालिकाले दरवन्दी भित्रको तलव, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोषाक खाध्यान्न औषधि उपचार बिरामि एवं वन्दीको सिदा, निवृत्त सुविधा र स्विकृत वार्विक कार्यक्रममा समावेश भएको कुनै व्यत्ति फर्म संस्था वा कम्पनीसंग भएको सम्झौता वमोजिमको रकम मात्र भूक्तानी दिन बाँकिको विवरणमा राखि सो अनुसार भूक्तानी दिनुपर्ने हुन्छ । पालिकाले छुट्टै आर्थिक कार्यविधि नियमावलि तयार गरेको छैन । तसर्थ यस्तो अवस्थामा संघीय सरकारको कार्यविधि लागू गरेको जनाएको छ । पालिकाले देहाय अनुसार सम्झौता नगरेको र अनिवार्य दायित्व भित्र नपरेको एवं चालू प्रकृतिको वितरणमुखि कृयाकलापमा भएको खर्च समेत समयमा भूक्तानी नगरि दायित्व सिर्जना गरि २०७९।८० मा सिर्जित विभिन्न दायित्वहरु (भूक्तानी बाँकी) राखि यो वर्ष रु.१५१२३५० भूक्तानी गरेको मभ्ये देहाय अनुसारको रकम नियम अनुकूल भूक्तानि दिन बाँकी राखेर भूक्तानी दिन नमिल्ने देखिएकोले सो रकम नियमसम्मत नदेखिएको रु.

| आ.व 079/80 मा सृजित विभिन्न दायित्वहरु (भुक्तानी बाँकी ) भुक्तानी , ४० | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८०/८१ महिना : सबै | | | | |
| **क्र.सं.** | **मिति** | **भौ.नं.** | **विवरण** | **डेबिट** |
| बजेट | | | | |
| १ | ०४/१८/२०८० | ६ | आ.व. २०७९/८० को पशु शाखाको विभिन्न कार्यक्रममा खाजा, सुझाव संकलनकार्यक्रम र नगर सभा तयारीको खाजा खर्च विभिन्न पार्टीहरुलाई भुक्तानी । - | २८,१८०.०० |
| ३ | ०४/१८/२०८० | ८ | नगर प्रमुखको आदेश बमोजिम सहायताको रकम भुक्तानी । - | ६२,०००.०० |
| ४ | ०४/१८/२०८० | ९ | मुल्याङ्कन समितिको बैठक भत्ता भुक्तानी । - | ३६,०००.०० |
| ५ | ०४/१८/२०८० | १० | कार्यालयमा विविध मसलन्द सामाग्री उपलब्ध गराउदा खर्च भएको रकमविविध पार्टीलाई भुक्तानी । - | ६३,४३४.०० |
| ६ | ०४/१८/२०८० | ११ | सुचना प्रकाशनको रकम नगर प्रमुखको आदेश बमोजिम अदव मिडिया नेटवर्कप्रा.लि. लाई भुक्तानी । - | १८,०००.०० |
| ७ | ०४/१८/२०८० | १२ | संलग्न कागजात बमोजिम २०७९/८० मा राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रमसंचालन गर्दा खर्च भएको रकम भुक्तानी । - | ४८,०००.०० |
| ८ | ०४/१८/२०८० | १३ | पुर्वाधार विकास सम्बन्धी विविध योजनाको विस्तृत परियोजनाप्रतिवेदन तयारी बैठक, मुल्याङ्कन समिति बैठक भत्ता, नगर यातायात गुरुयोजना तथाकार्यपालिका स्तरीय बैठकको भत्ता भुक्तानी । - | ४,५२,०००.०० |
| ९ | ०४/१८/२०८० | १४ | स्थानीय पाठ्यपुस्तक निर्माण कार्यदल र नगर शिक्षा समितिको बैठकभत्ता भुक्तानी । - | १,०४,०००.०० |
| १० | ०४/१९/२०८० | १५ | संलग्न अनुसार गतवर्षको भुक्तानी लेखा - | ५,०००.०० |
| ११ | ०४/२४/२०८० | १६ | संलग्न अनुसार वडा नं ८ को विपद् तर्फको रकम गत बर्षको यस वर्षभुक्तानी । - | २०,०००.०० |
| १२ | ०४/२४/२०८० | १७ | संलग्न अनुसार डेंगु नियन्त्रण जागरण कार्यक्रम को वडा नं ५ मा १६वटा टोल सुधार लाइ २००० को दरमा दिइने खर्च को भुक्तानी गतवर्षको कार्यक्रम विपदतर्फ - | ३२,०००.०० |
| १३ | ०४/२४/२०८० | १८ | संलग्न अनुसार गत बर्षको भुक्तानि दिन बांकी दिइएको लेखा । - | १०,०००.०० |
| १५ | ०४/२९/२०८० | २५ | गत आ.व को भुक्तानी बाकी दायित्व यस आ.व मा कान्तिपुर पब्लिकेशनप्रा.लि. लाई भुक्तानी । - | ३,४००.०० |
| १८ | ०४/३०/२०८० | २९ | गत आ.व को भुक्तानी बाँकी दायित्वमा रहेको जिप्रका चितवनको मसलन्दसामाग्री खरिद खर्च वरुण जनरल सप्लायर्स लाई भुक्तानी । - | ५८,७६०.०० |
| १९ | २०८०/०४/३१ | ३० | गत आ.व मा वडा नं ४ मा विधुत वाइरिङको काम गर्दा खर्च भएको रकमभुक्तानी । - | ६६,५९१.०० |
| २० | ०५/०३/२०८० | ३१ | गत वर्ष वडा नं ५ मा पोडियम लगायतका सामाग्री खरिद गर्दा खर्च भएकोरकम वडा सचिव श्री सुनिता रेग्मी लाई सोधभर्ना । - | ४०,०००.०० |
| २१ | ०५/०३/२०८० | ३२ | वडा नं ५ को गत आ.व को बाकी दायित्व भुक्तानि । - | ३८,६५८.०० |
| २४ | ०५/२९/२०८० | ५३ | गत आ.व मा नगर प्रमुखको अतिथि सत्कारमा खर्च भएको रकम युनिक वाइल्डरिसोर्ट प्रा.लि. लाई यस आ.व मा भुक्तानी । कालिका पुँजीगत २०७९/८० को ५१२ सँगसम्बन्धित । - | १४,३४०.०० |
| २५ | ०६/१५/२०८० | १२३ | गत आ.व २०७९/८० मा वडा नं २ मा स्टेबलाइजर जडान गर्दा खर्च भएकोरकम यस आ.व मा मेगा टेक्नोलोजी लाई भुक्तानि । - | १८,५००.०० |
| २६ | ०६/२५/२०८० | २९५ | गत आ.व को ग्रेडर मर्मत खर्च शुभ लक्ष्मी हेभी इन्जिनियरिङ्गवर्कसप लाई भुक्तानि । - | ३२,६१८.८० |
| जम्मा | | | | ३३९,८६७.८० |

| | |
|---|---|
| अनियमित भएको | ३,३९,८६७.८ |

२४ **भ्रमण खर्चः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण खर्च किफायती हुनुपर्ने नियम ६ मा सरकारी कामको सिलसिलामा मात्र भ्रमण हुनुपर्ने नियम १९ मा दुरीको विवरण राख्नुपर्ने व्यवस्था छ। कार्यालयको भ्रमण अभिलेख खाता परीक्षण गर्दा कार्यालयले २०८०÷०८१ मा ४८९ वटा भ्रमण आदेश स्विकृत गरी रु १८ लाख २१ हजार खर्च गरेको देखिन्छ । भ्रमण आदेशमा समेत भ्रमणको औचित्य स्पष्ट गरि उद्देश्य अनुसार आवश्यक स्थानमा मात्र खटाउनु पर्नेमा पालिकाको कामसँग असम्बन्धित (जस्तैः बुटवल, इलाम, धनकुटा)तथा अन्य असम्बन्धित स्थानमा काम खटाएको, पालिका भित्र भ्रमण गर्दा दुरी स्पष्ट नगरी भ्रमण आदेश जारी गरेको, कतिपय अवस्थामा औचित्य स्पष्ट नगरि भ्रमण खर्च लेखेको जस्ता व्यहोरा देखिएका छन् । भ्रमणलाई उपलब्धीमूलक बनाउन कार्यालयको कामसँग मात्र सम्बन्धित कार्यमा भ्रमण खटाउने र भ्रमणको उद्देश्य स्पष्ट गरेर मात्र भ्रमण खर्च गर्नुपर्ने देखिन्छ ।

२५ **सर्भिस चार्ज भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा लागत अनुमान गर्दा परिमाण र दरको योगफलमा मूल्य अभिवृद्धी कर र कन्टिन्जेन्सीको रकम जोडेपछि निर्माण कार्यको लागत अनुमान गर्ने व्यवस्था छ । सोमा वर्कचार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत मात्र कन्टिन्जेन्सी खर्च गर्न पाउने उल्लेख छ। तर कार्यालयको झोलुङ्गे पुलको लागत अनुमान गर्दा परिमाण र दरको जोडमा पुलको लागत अनुमान गर्दा परिमाण र दरको जोडमा एनजिओ सर्भिज चार्ज भनि ६ प्रतिशत रकम र २.३३ प्रतिशत कन्टिन्जेन्सी गरि ८.३३ प्रतिशत कन्टिन्जेन्सी राखेको देखिन्छ । कानूनमा भएको व्यवस्था विपरित हुने गरि टर्म्स अफ रिफरेन्स बेगर सेवा शुल्कको नाममा लागत अनुमानमा समावेश गरि खर्च गर्दा बडहरे खोला झोलुङ्गे पुलको सेवा शुल्क भनि भौंचर नम्वर ९–२०८०।८।१७ बाट रु. ४३,७८४।– भुक्तानी गरेको उपयुक्त देखिएन।यस सम्बन्धमा छलफल गर्दा झोलुङ्गे पुल निर्देशिका २०६३ अनुसार गरेको उल्लेख गरेको छ।

२६ **सुरक्षित आवास कार्यक्रमः**

पालिका भित्रका नागरिकको आवास सुधार गरी नागरिकको मौलिक हक प्रदत्त आवासको अधिकार स्थापित गर्न बसोबास गरेको घरको छाना पराल, खर, स्याउला जस्ता आगो, पानी र हुरीबाट सजिलै प्रभावित हुने र गरिवीको रेखामुनि रहेका नागरिक, विगत देखि बसोबास गरेका वा विपदमा परेका नागरिकको लागि सुरक्षित आवास प्रदान गर्न विगतमा २७३ जनाको सर्भेक्षण गरि सघन शहरी तथा भवन निर्माण आयोजनाले तोकेका लाभग्राही मध्ये २७ जनालाई यो वर्ष पालिकाको लागि विनियोजित रु. २० लाख मध्येबाट रु. १९ लाख खर्च भएको छ। यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

क) सुरक्षित आवास कार्यक्रम सञ्चालन गर्न बागमती प्रदेशको शहरी विकास तथा भवन कार्यालयलाई समेत लाभग्राही छनौट गरि पालिकाले च.नं. ३१५९ मिति २०८०।११।१८ को पत्रबाट विवरण पठाएको देखिन्छ । यसले गर्दा उक्त कार्यक्रम संघ र प्रदेश दुबैबाट सञ्चालन गर्दा एउटै व्यक्तिले दोहोरो सुविधा पाए नपाएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (संशोधन समेत) अनुसार लाभग्राहीलाई प्रथम किस्ता ६० प्रतिशत रकम जस्तापाला र काठ खरिद गर्न तथा स्थानीय तहको प्राविधिकबाट जाँचबुझ भएपछि दोस्रो तथा अन्तिम किस्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यो वर्ष किस्तामा रकम उपलब्ध नगराई कार्य सम्पन्न बिल भरपाईको आधारमा लाभग्राहीको खातामा रकम जम्मा गरेको छ । गरिव र न्यून आय भएका परिवारले पहिले सामान खरिद गरेर ल्याउने र अन्तमा मात्र रकम भुक्तानी पाउने देखिदा वास्तविक गरिव लाभग्राहीले सुरक्षित आवासबाट लाभ पाएको भन्न सकिएन । साथै संलग्न फोटो अनुसार लाभग्राहीले सो रकमबाट आवास बाहेक अन्य प्रयोजनमा समेत खर्च गरेको (भौं.नं. २–२०८०।७।१७ बाट विष्णु बहादुर अधिकारीले हावा घर बनाएको) र लोक बहादुर गोतामेले घरको पालि बनाएको संलग्न फोटोबाट देखिंदा सरकारले लिएको उद्देश्य पूरा भएको देखिदैन । सर्भेक्षण गर्दा वास्तविक आवश्यकतामा आधारित भै लाभग्राही छनौट भएको समेत पाइएन ।

२७ **संघीय सरकारबाट हस्तान्तरित सशर्त पूंजिगत खर्च तर्फः**

प्रस्ताव नगरेको बजेट विनियोजन र खर्चः

यो वर्ष कालिका नगरपालिकाको लागि रु. ६ करोड ८० लाख विभिन्न आयोजनाको लागि विनियोजन भएकोमा वर्षको अन्तसम्म रु. १ करोड ७७ लाख ९२ हजार अर्थात विनियोजनको २६.१६ प्रतिशत खर्च भएको छ । संघीय सरकारले बजेट विनियोजन गर्दा पालिकाले प्रस्ताव नगरेको र कार्य शुरु नै नभएको ५÷१०÷१५ शैयाको आधारभूत अस्पतालको दायित्व भुक्तानी भनि विनियोजन गरेको रु. ८० लाख कालिका नगरपालिका वडा नं. १० को कयर खोला पुल भनि बजेट विनियोजन भएकोमा सो को पूर्व तयारी तथा विस्तृत परियोजना प्रतिवेदन एवं पुल रहने स्थान समेत एकिन नभएको स्थानमा विनियोजन भएको रु. २ करोड ५० लाखको कार्यक्रमको लागि विनियोजन भएको रकम खर्च भएको छैन।

त्यसैगरी पालिकाले माग गरेको थाङखोला देखि खगेरी खोलासम्म नदी नियन्त्रण योजनाको लागि विनियोजित रु. १ करोड ५० लाखको लागि विस्तृत परियोजना प्रतिवेदन तयार नभएको र वातावरणीय लगायत कारणले कार्यान्वियन गर्न नसकि रु. १ करोड ४० लाख २२ हजार फिर्ता भएको लगायतबाट अधिकांश योजना कार्यान्वियन भएको देखिएन । पालिका क्षेत्रका नागरिकको बसोबास स्थल अधिकांश ऐलानी जग्गामा रहेको र राष्ट्रिय बनक्षेत्रको जग्गा भएको कारण निर्माण कार्यमा देखापर्ने जटिलता सम्बोधन नगरि पूर्वतयारी र प्रस्ताव वेगरका योजनामा विनियोजन भएको कारण खर्च हुन सकेको देखिएन ।

२८ **विद्यालयको भवनमा तला थपः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९ **विस्तृत परियोजना प्रतिवेदन तयार नगरी बजेट विनियोजनः**

थाङखोला वुङखोला नदी व्यवस्थापन परियोजनाः

४१–२०८१।३।१० संघीय सरकारले विशेष अनुदान शिर्षकबाट यो वर्ष थाङखोला देखि खगेरी खोलासम्म नदी नियन्त्रण योजनाको लागि रु. १,५०,००,००० बजेट विनियोजन गरेको देखिन्छ । बजेट विनियोजन गर्दा पहिले नै Ready to go project को सूची तयार गरि सो अनुसार हुनुपर्नेमा रकम विनियोजन भएपछि मात्र विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्यका लागि इकोकोड नेपाल प्रा.लि. (भ्याट नं. ३०३६१३४४२) सँग विस्तृत परीयोजना प्रतिवेदन र वातावरणीय अध्ययन गर्न मिति २०८०।१०।१९ मा रु. १९,५४,९००।– मा २०८१।३।२३ सम्म अन्तिम प्रतिवेदन पेश गर्ने गरि सम्झौता भएकोमा देखिएका व्यहोरा निम्न छन्

क) निज परामर्शदाताले अन्तिम प्रतिवेदन पेश गर्ने अवधिसम्म Inception प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन मात्र पेश गरेको देखिन्छ ।

ख) पालिकाले तयार गरेको टर्न अफ रिफरेन्समा उल्लेखित दर विश्लेषण अनुसार टिमलिडर, इन्जिनियर, भूगर्भविद्, प्राविधिक, हाइड्रोलोजिष्ट, सामाजिक आर्थिक परिचालक, कानूनी विज्ञ जस्ता विज्ञको रु. ३,९३२।०१ देखि रु. ५,११०।८३ सम्म तथा सहयोगी कर्मचारीको रु. ८००।– देखि रु. १,१५७।६७ सम्म दैनिक दर कायम गरि अधिकतम् २३ दिन मध्ये अधिकतम् समय टेबुल कार्य राखेको देखिन्छ । टिम लिडरको २ दिन र प्राविधिक सहायता दिने व्यक्तिको ९ दिन मात्र फिल्ड कार्य राखेर अन्य सबै कार्य प्रतिवेदन तयारीमा केन्द्रित गरेको देखिन्छ । यसले गर्दा बास्तविक रुपमा आर्थिक, सामाजिक, प्राविधिक, वित्तिय र राजनीतिक विश्लेषण गरि प्रतिवेदन तयार हुन सक्ने देखिदैन भने अर्को तर्फ विज्ञको प्रयोग भएको एकिन हुने गरि अनुगमन गरिएको देखिएन।

ग) बुङखोलाको बर्षातको पानीलाई थाङखोलामा राखि डाइभर्सन गर्ने कार्यको लागि यो वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कार्य शुरु भएतापनि वर्षको अन्तसम्म सो कार्य सम्पन्न भएको देखिएन । साथै यस्तो कार्यको इन्सेप्सन प्रतिवेदनमा कूल लागत रु. ८३ करोड १२ लाख लाग्ने अनुमान गरेको छ । २०८०÷०८१ मा पालिकाले संघीय, प्रदेश सरकारबाट प्राप्त सशर्त समपुरक र विशेष तर्फका र पालिकाको पूंजीगत खर्चबाट समेत गरि रु. २८ करोड ३३ लाख २९ हजार खर्च गरेको देखिन्छ । यस्तो अवस्थामा आर्थिक वित्तिय एवं लाभ लागत विश्लेषण गरेर मात्र अधिकतम् प्रतिफल हुने गरि योजना संचालन गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्नेमा लाभ लाभ लागत विश्लेषण गरेको छैन। पालिकाको एकमात्र आयोजनामा ठुलो रकम खर्च गर्ने लक्ष्य लिँदा अन्य क्षेत्रमा खर्च गर्ने रकमको अभाव हुने र विगतमा उक्त आयोजनामा सिंचाइ डिभिजन कार्यालय भरपुरले समेत खर्च गरेकोमा उक्त कामको मुल्यांकन र आयोजना हस्तान्तरण वेगर पालिकाले खर्च गर्दा आयोजनामा दोहोरोपन हुने र मुल्यांकनमा समस्या खडा हुने देखिन्छ।

घ) उक्त परियोजनाको इन्जिनियरिङ कन्सल्टेन्सी फर कन्स्ट्रक्टिभ डेभलपमेन्ट इफोर्टस् इन नेपाल प्रा.लि.सँग गरेको सम्झौता अनुसार उक्त कार्यको लेखापरीक्षण अवधिसम्म म्याद थप नभएको र २०८१।३।२४ पछि म्याद थप गर्ने व्यवस्था नभएको अवस्था छ । यसले गर्दा आवश्यक छलफलको समय नछुट्टयाई परामर्श सेवा लिने तर समयमा कार्य नगराएकोले आंशिक कार्य मात्र भएको अवस्था छ । तसर्थ सार्वजनिक खरिद नियमावली तथा सम्झौताका शर्तअनुसार अनुसार आवश्यक पूर्व निर्धारित क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउनु पर्दछ ।

गत वर्ष समेत उक्त स्थानमा नदि नियन्त्रणको कार्य भएकोले सो कार्यलाई समेत समेटेर विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्दछ ।

३० **न्युन लागत सहभागिताः**

गो.भौ.नं. ४–२०८०।८।५ सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची १ मा लागत अनुमानको तरिका उल्लेख छ, जसमा परिमाण र दरको गुणनफलको योगमा कन्टिन्जेन्सी जोडर मूल्य अभिवृद्धी कर समेतको रकममा लागत सहभागिता हुनुपर्ने व्यवस्था छ। पालिकाले बडहरे खोलामा झोलुङ्गे पुल निर्माण गर्न रु. २१,७९,४३२।२७ को लागत अनुमान गरेकोमा नगरपालिकाले रु. २,८३,३२६।२० भुक्तानी गरेको छ । उपभोक्ता समितिले रु. ४३,५८८।६५ लागत व्यहोर्ने उल्लेख छ । उक्त कार्यको लागत अनुमान गर्दा ५.२१ प्रतिशत सेवा शुल्क रु. ११३४५८।२६ र २.३२ प्रतिशतले रु. ५०,५५५।५१ कन्टिन्जेन्सी खर्च उल्लेख छ । उपर्युक्त अनुसार लागत सहभागिता नगराई जम्मा २ प्रतिशत सहभागिताको आधारमा योजना सञ्चालन भएको उपयुक्त देखिएन ।

३१ **कयर खोला पुल निर्माणको परामर्शः**

भौ.नं. ४२–२०८१।३।१० –कालिका नगरपालिका १० कयर खोला पुल निर्माण गर्न यो वर्ष रु. २ करोड ५० लाख बजेट विनियोजन भएको छ। विनियोजन गर्दा पूर्व सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार नभएकोले यो वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि एन के ए इन्जिनियरिङ कन्सल्टेन्ट प्रा लि लाई रु. ९,७१,५७४।– भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा निम्न छन्

क) कार्यालयले रु. १६,१९,२९०।–मा परामर्श सेवा दिने गरि कार्य सम्पन्न हुँदा सम्झौता अनुसार प्रथम किस्तामा इन्सेप्सन प्रतिवेदन पछि ३० प्रतिशत, ड्राफ्ट प्रतिवेदन पछि दोस्रो किस्तामा ३० प्रतिशत र प्रारम्भिक वातावरणिय मुल्यांकन -आइ.ई.ई._ प्रतिवेदन स्विकृत पश्चात २० प्रतिशत र अन्ति प्रतिवेदन पेश भएपछि २० प्रतिशत भुक्तानी दिने गरि मिति २०८०।१२।४ मा सम्झौता भएकोमा पालिकाले इन्सेप्सन प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन तयार गर्न लगाई ६० प्रतिशत रकम भुक्तानी गरेको उपयुक्त देखिएन।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा म्याद थप सम्बन्धि व्यवस्था रहेको र काबुबाहिरको परिस्थिति वेगर सेवा प्रदायकको कमि कमजोरीले समयमा काम हुन सकेमा पुर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । सम्झौताको बुँदा नं. ४५.१ मा अधिकतम क्षतिपूर्तिको प्रावधान १० प्रतिशत र प्रतिदिन रु. ०.०५ प्रतिशत उल्लेख गरेको छ। जसमा विज्ञ समुह ६ जना मध्ये ५ जनाले २/२ दिन फिल्डमा काम गर्ने उल्लेख भएको र फिल्डमा बाधा विरोध नहुँदा समेत समयमा अन्तिम प्रतिवेदन उपलब्ध नगराउने परामर्शदाता एन के ए इन्जिनियरिङ कन्सल्टेन्ट प्रा लि लाई जिम्मेवार नबनाएकोले खर्च गरि सकेको समय र स्रोत खेर जान नदिन पूर्व निर्धारित क्षतिपूर्ति लिई काम सम्पन्न गर्नुपर्ने देखिएको छ ।यस सम्बन्धमा कार्यालयसँग छलफल गर्दा अन्तर सम्बन्धित क्षेत्रहरु जस्तै डिभिजन वन, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति लगायतका निकायसँग धारणा लिने सहमति प्राप्त गर्ने र डिजाइन परीक्षण गर्ने छलफल गरी परामर्शदाताले दिएको प्रतिवेदनलाई कार्यान्वयनशिल बनाउन सम्बन्धित पक्षको सुझाव संकलन गर्ने र त्यसै अनुसार परिमार्जन गर्ने काम भैरहेको कार्यालयले जनाएको छ।

३२ **जीतपुर सहपुर सडक निर्माणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३०८,२९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३३ **नविकरणीय उर्जा प्रविधि जडान**

४६–२०८१।३।२१ – नविकरणीय उर्जा प्रविधि जडान बापत एस एस ड्रिल एण्ड सप्लायर्सलाई रु. ७,९१,८३९।– भुक्तानी गरेको स्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन्

क) खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान गर्ने विभिन्न आधार उल्लेख छ । तर पालिकाले लागत अनुमान गर्दा सो अनुसार नगरी ३ वटा फर्मको दरलाई आधार लिएको छ । पालिकाले ४ वटा सामुदायिक विद्यालयमा सोलार प्यानल जडान गर्नको लागि उक्त सोलार प्रणाली जडान गर्न पालिकाबाट हस्तान्तरण गरि जडान गरेको छ । तर कार्यालयले सडक पोलमा जडान गर्ने प्यानल सहितको १७ थान बत्तीहरु रु. ३,०१,४०४।९० मूल्यको सामान भण्डारमा राखेको मध्ये लेखापरीक्षण अवधि २०८१।९।८ सम्म एक थान (सेट) मात्र जडान गरेको छ । तसर्थ दामासाहिले हुने रु. २,८३,६७५।२० मूल्यको सामान जडान गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८३,६७५.२ |

३४ **आयोजनाको सुचना पाटी खर्चः**

१११७–२०८०।१२।२२ – भूमितारा इन्जिनियरिङ प्रा.लि.लाई विविध प्रशासनक खर्चबाट आयोजना सुरक्षा बोर्ड भनि पाइप पाता सहित तयार गरे बापत ३८ थान सुचना पाटी वापतको रु. २,३००।– का दरले मूल्य अभिवृद्धि कर समेत रु. ९८,७६२।– भुक्तानी गरेको छ ।सो सुचना पाटीको साइज एकिन छैन, सूचनाको विषयवस्तु खुलाएको छैन । खर्च नहुने प्रकृतिको उक्त सामग्री खर्च हुने खातामा राखेको र सो को प्रयोग कहाँ कसरी गरिएको हो नखुलेको एवं उपयोगको अवस्था खुलाई भण्डारमा सुरक्षित राखि पुनः प्रयोग गर्न मिल्ने व्यवस्था गर्नुपर्दछ ।एकातर्फ निर्माण व्यवसायी एवं उपभोक्ताले निर्माण गरेको आयोजनामा सुचनापाटी वापत रु २००० देखि २०००० सम्म रकम छुट्याइ लागत अनुमान तयार गरेको छ।यस्तो लागत अनुमानमा सुचनाको प्रकृति संख्या साइज र प्रयोग हुने मेटेरियल खुलाएको छैन भने अर्को तर्फ पालिकाले सुचना पाटी वापत खर्च गरी खर्च नहुने प्रकृतिको सामान खर्च हुने प्रकृतिको खातामा राखी खर्च जनाएकोले जिन्सी दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,७६२ |

३५ **रत्ननगर महोत्सवको खर्चः**

११११–२०८०।१२।२१ – पालिकाले चालु शिर्षकमा बजेट विनियोजन गरि रु. १,५०,००० रत्ननगर महोत्सव २०८० लाई मकै धुर, मकै डमि, मकै बगैंचा, च्याउघर, माछापोखरी, मकै खरिद, मकै ढोड खरिद, कृषि परिसर गेट निर्माण लगायतमा रु. १,७९,६००।– लागत अनुमान गरी विनियोजन अनुसार खर्च गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्न छन

क) प्रदर्शनी स्टल, मकैबालीको होडिङ वोर्ड, नगरपालिकाको होर्डिङ वोर्ड, मकैबालीको फ्याल्क्स प्रीन्ट, स्टल सजावट, कृषि परिसरमा खटिने कर्मचारीलाई आतेजाते र खाजा खर्च (१२ दिनको), इन्धन र सञ्चार, मकैबाली खाद्य परिकार बनाउने कालिका नगरपालिका संस्थालाई सहयोग र ढुवानी खर्च समेतको रु. १५०,००० लागत अनुमान उल्लेख गरेको छ।

ख) कूल लागत रु. ३,५२,२२५।– मध्ये कालिकाले रु. १,५०,०००।– अर्थात् ४२.५९ प्रतिशत लागत व्यहोरेको देखिन्छ। पालिकाको क्षेत्रवाहिर गरिएको प्रदर्शनबाट परेको प्रभाव मुल्यांकन नगरी यसरी बर्षेनी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

३६ **चेपाङ छात्रबासः**

राजश्व बाँडफाँड शिर्षकबाट चेपाङ छात्रावास व्यवस्थापनमा यो वर्ष गरेको खर्च देहाय अनुसार छः

क) कालिका नगरपालिका वडा नं. ११, मजवाङ सिद्धिमा प्रदेश सामाजिक विकास मन्त्रालयबाट बजेट विनियोजन गरि छात्राबास सञ्चालन गरेको छ । उक्त छात्राबासमा ८२ जना विद्यार्थी रहेका छन् । उक्त कार्यका लागि ९ महिनाको प्रति विद्यार्थी रु. ४,००० का दरले खर्च गरेको जानकारी प्राप्त भएको छ । तर पालिकाले यो वर्ष रु. ११,९८,४०६ बजेट खर्च गरी वडा नं. ९ शक्तिखोरमा चेपाङ छात्राबास छात्राबास सञ्चालन गरेको छ । जसमा कक्षा ४ देखि ९ कक्षासम्मको शैक्षिक सत्र २०८० मा २३ जना देखि २७ जनासम्मका विद्यार्थीको लागि २०८०।४।१ देखि २०८० चैत्र मसान्तसम्म रु. ६८२१०६ र २०८१ बैशाख देखि शैक्षिक सत्र २०८१ अन्तर्गत भर्ना भएका विद्यार्थीको संख्या ४६ को लागि बैशाख देखि २०८१ आषाढसम्म रु ५१६३०० गरि यो वर्ष रु. ११,९८,४०६ खर्च गरेको देखिन्छ ।यसरी एकै पालिकामा फरक फरक स्थानमा प्रदेश र पालिकाबाट एउटै उद्देश्कालागि खर्च गरेको उपयुक्त देखिएन।

ख) पालिकाले गरेको खर्चको मासिक रुपमा विवरण तयार गरेको छैन। विदाको दिन, चाडवाड भएको महिना, शैक्षिक सत्रको अन्त पछिको अवधि आदीमा विद्यार्थीले सिक्ने सिकाई लगायतबाट निरन्तर रुपमा विद्यार्थी विद्यालयमा उपस्थित हुनसक्ने अवस्था छैन । यस्तो अवस्थामा सबै महिनामा छात्रावासमा बसेका छन भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । तसर्थ सम्पूर्ण महिनाको खर्च लेख्न मिल्ने देखिदैन ।

ग) सो कार्यक्रममा खाद्यान्न खरिद प्रकृया तथा तथा सो खाद्यान्न के कुन आधारमा परिमाण, आइटम तथा न्यूट्रिसनको परिमाणको मापदण्ड तयार गरि सो अनुसार खाए÷नखाएको अनुगमन गर्नुपर्दछ । साथै कोचिङ पढाएको भनिएकोमा कुन समयमा पढाएको हो खुल्ने प्रमाण संलग्न छैन।

| भौ.नं. र मिति | विद्यार्थी संख्या | भुक्तानी रु | कैफियत |
|---|---|---|---|
| ६३५–२०८०।९।११ | २८ | ३,५०,३२१। | आषाढ पुरै महिना देखी श्रावण २० दिन |
| १०२७–२०८०।१२।६ | २६ | ३,३१,७८५।– | भाद्र २२ दिन र असोज पुरै दिन कार्तिक २४ दिन |
| १३४३–२०८१।२।८ | २६ | २,२६,२३०।– | मंसिर, पौष, माघर फागुन पुरै दिन चैत्र २८ दिन ९ जनाको पुरै |
| १७१७–२०८१।३।२१ | ४६ | २,९०,०७०।– | बैशाख र जेष्ठ पुरै महिना असार १६ सम्म |
| जम्मा | १२६ | ११९८४०६ | |

३७ **सडक वोर्ड पालिका साझेदारी कार्यक्रमः 15/WORKs/NCB/KM/080/81**

पालिकाको वडा नं. १,२,५ र ६ को विभिन्न स्थानमा सडक निर्माण गर्न सडकवोर्ड तर्फको साझेदारीमा निर्माण गर्ने गरि बजेटमा सडक बोर्डबाट ५० लाख र नपुग रकम पालिकाबाट व्यहोर्ने गरि कूल रु. १,३२,६१,०२९।७२ कूल लागत अनुमान गरिएकोमा ठेक्का प्रकृयामा रु.१,२७,०१,२४०।३२ लागत अनुमान गरेको छ।ठेक्का प्रकृयाबाट निर्माण व्यवसायी मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि., भरतपुर १०, चितवनसँग १४.५५ प्रतिशत घटी अर्थात् रु. १,०८,६०,११९।५८ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेतको रकममा मिति २०८०।१२।२१ मा २०८१।७।५ सम्म काम सम्पन्न गर्ने गरि सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्

क) पालिकाले कूल लागतमा ३० प्रतिशत व्यहोर्ने भनि सडकवोर्ड नियमावली, २०६० को नियम ९ मा उल्लेख छ । जस अनुसार समपुरक कोष तर्फ वर्षको अन्तसम्म खर्च नभएको रकम सडकबोर्डलाई फिर्ता पठाउनु पर्ने व्यवस्था सडक बोर्ड नेपालले च.नं. ४६७ मिति २०८०।८।१ को कार्यक्रम स्विकृती सम्बन्धी पत्रबाट स्पष्ट पारेको छ । पालिकाले ठेक्का प्रकृया शुरु गर्दा ढिलो गरेकोले मिति २०८१।१२।२१ मा मात्र कार्यादेश दिएको छ ।

ख) सडक बोर्ड नेपालले एक आर्थिक वर्षको लागि मात्र रकम दिने उल्लेख गरेकोमा पालिकाले २०८१÷०८२ मा सम्पन्न गर्ने गरि बहुवर्षिय ठेक्का लगाएको उपयुक्त देखिएन ।

ग) निर्माण कार्यको लागत अनुमान मर्मत कार्यको फिल्ड सर्भे चेनेज खुलेको विवरण र प्रत्येक चेनेज अनुसार लागत अनुमान तयार गर्नुपर्नेमा प्रत्येक चेनेजमा ०+००० बाट शुरु गरि लागत अनुमान गरेको र मर्मत कार्यको सूचना पाटी बापत रु. ५,०००।– लागत अनुमान गरेको छ । यसरी विभिन्न स्थानमा मर्मत कार्य गराउने अवस्थामा सूचना पाटीको लागि लागत अनुमान गरेको उपयुक्त देखिएन । काम समाप्त हुने अवधि २०८१।७।५ सम्म वित्तिय प्रगति २० प्रतिशत र भौतिक प्रगति करिव ३३ प्रतिशत मात्र सम्पन्न भएकोले समयमा काम नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ अनुसार म्याद थप गरि कार्य सम्पन्न गराउनु पर्दछ ।

३८ **रकमान्तर र स्रोतान्तर गरि कार्यक्रम संशोधन गरि योजना सञ्चालनः**

प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १७ मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोहि ऐनमा तोकिएको कुनै वा एक भन्दा बढी अनुदान सङ्केत अन्तगरगतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सिमाभित्र रहि रकमान्तर गर्न सकिने व्यवस्था छ ।पालिकाले यो वर्ष १०१ वटा योजनामा

रु.९,२७,५०,६२०।– रकम छुट्टयाई बजेट निर्माण गरेकोमा विभिन्न समयमा संशोधन गरि सञ्चालन गरेको छ । यसको उदाहरणको लागि देहाय अनुसार उल्लेख छ ।

· विभिन्न विद्यालयको लागि ड्रेस, कापि कलम खरिद गर्न १ देखि ६ वडाका ६ विद्यालयमा एकमुष्ट रु. ६ लाख विनियोजन भएकोमा ६ वटा अलग विद्यालयमा सो खरिद बापत खर्च भएको छ ।

· विद्यालय कक्षा कोठा व्यवस्थापन मर्मत सम्भारमा रु. २० लाख छुट्टयाएकोमा विनियोजन गर्दा विद्यालय नछुट्टयाएको छैन तर कार्यान्वयन गर्दा १० विद्यालयमा सो कार्यक्रम सञ्चालन गरेको छ ।

· संघ÷संस्था साझेदारी कार्यक्रममा रु.१५ लाख विनियोजन भएकोमा सूर्यपुर कुलो कालिका १ र २ मा सो कार्यक्रम सञ्चालन गरि १५ वटा कार्यक्रम तयार गरि खर्च गरेको छ ।

· धर्म संस्कृति प्रर्वद्धन तर्फ रु. ४ लाख बजेट विनियोजन गरेकोमा पछि ६ वटा कृयाकलाप सञ्चालन गरेको छ ।

· अजिङ्गरे कलभर्ट बापत रु. १८ लाख बजेट विनियोजन भएकोमा एउटा कलभर्टको सट्टा ३ वटा कलभर्टमा रकम छुट्टयाई योजना सञ्चालन गरेको छ ।

· विविध सार्वजनिक निर्माण तर्फ रु. ९० लाख बजेट विनियोजन भएकोमा १७ वटा योजनाको स्रोत सुनिश्चितताको लागि सो रकम खर्च भएको छ ।

· अन्य पूर्वाधार साझेदारी अन्तर्गत रु. ३० लाखको योजना नखुलाई विनियोजन भएकोमा ६ वटा योजनामा सो रकम खर्च गर्ने गरी बाँडफाँड भएको छ ।

यसरी पालिकाले योजना तथा कार्यक्रममा निश्चित गरि सो योजना तथा कार्यक्रमलाई पुग्ने गरि बजेट विनियोजन गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सो अनुसार भएको देखिएन ।

३९ **साइट स्पष्ट नगरी ठेक्का लगाएकोः 11/WORKS/NCB/KM/2080/81**

पालिकाको वडा नं. ६ को कार्यालय देखि तिवारी चोकसम्म ३२८ मिटर र टिकाराम आचार्यको घरदेखि कालिका २ सिमाना जोड्ने बाटो कालोपत्रे गर्ने कार्यका लागि ११३ मिटर गरि कूल ४४१ मिटर सडक कालोपत्रे गर्ने कार्यको लागि रु. ४७,३४,१११।०५ लागत अनुमान गरि निर्माण व्यवसायी नवयु निर्माण सेवा, जुटपानी चितवनसँग रु. ४४,३७,५७०।५० मा कार्य सम्पन्न गर्ने गरि २०८०।९।१९ मा सम्झौता गरेको छ। सो स्थान मध्ये वडा नं. ६ को कार्यालय देखि तिवारी चोकसम्म सडक कालोपत्रे गर्ने मध्ये ७१ मिटरमा कालोपत्रे गर्न ६ मिटरमा सडक उपलब्ध हुन नसकेकोले सो स्थानमा कार्य हुन नसकेको भनि शुरु ठेक्का रकममा ६.२६ प्रतिशत न्यून कार्य गराई भेरिएसन स्विकृत गरि रु. ३८,२३,४०९।८५ कायम गरि ठेक्का फरफारक गरिएको छ ।साइट स्पष्ट भएपछी मात्र ठेक्का लगाउनु पर्नेमा सो वेगर ठेक्का लगाएको कारण योजना अनुसार काम नभएको र फिल्डमा विवाद उत्पन्न भएको अवस्थामा सुधार गर्नुपर्दछ ।

४० **स्रोत सुनिश्चितता वेगर योजनाः**

नगरपालिकाको वडा नं. ४ को विभिन्न सडक निर्माण कार्य अन्तर्गत चन्द्र प्रसाद सुवेदीको घर देखि दक्षिण सिमानासम्मको लागि ३ लाख ९६ हजार, गणेशचोक देखि कमल आचार्यको घरसम्म ५० लाख र हरि सापकोटाको घरदेखि पश्चिम ठाकुर अधिकारीको घरसम्म रु. १३ लाख २० हजार गरि रु. ६७ लाख १६ हजार बजेट विनियोजन भएकोमा कार्यालयले रु. ७८,९१,८६४।६५ को लागत अनुमान तयार गरेको छ । नपुग रु. ११,७५,८६४।६५ एकिकृत विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च गर्ने गरि ठेक्का प्रकृया अगाडि बढाएको देखिन्छ । बजेटको परिधि नाघेर लागत अनुमान तयार भएतापनि स्रोत सुनिश्चितताको प्रयोजनको लागि छुट्टै शिर्षक कायम गरि कार्य अगाडि बढाएकोले विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ ।

४१ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि२०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु. १७९८१४९०८ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

(क) **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि२०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा

तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

(ख) **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि२०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृयाभत्ताको दरप्राप्त हुने बैंकलाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्थागैरसरकारी संस्थासामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेस्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लेखित कार्यहरु भएको पाइएन ।

**(ग) भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि२०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्नेप्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्नेकार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रकृयाको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण लिएको अभिलेख राखेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

४२ **गत बर्षको फर्निचर खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली, अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा गत वर्ष खरिद गरी यस बर्ष भुक्तानी गरेकोमा दरभाउपत्र मार्फत रु. १३२४४००खरिदगरेकोमापुन: नियोन फिनिसिङ्ग ईण्डष्ट्रि प्रा.लिबाट फर्निचर सोझैखरिदगरी रु.७७६२५३समेत जम्मा रु. २१००६५३ भुक्तानी गरेको छ । यसरी बोलपत्र मार्फत खरिद गरेकोमा पुन सोझै खरिद गर्ने कार्य नियमसम्मत देखिएन ।

| भौ.नं. | योजना | आपुर्तिकर्ता | भुक्तानीरु | कै |
|---|---|---|---|---|
| ३८।२०८०।५।६ | फर्निचर खरिद | नारायणी फर्निचर सेन्टर | १३२४४०० | ठेक्कामार्फत |
| ४१।२०८०।५।१० | | नियोन फिनिसिङ् इण्डष्ट्री प्रा.लि | ७७६२५३ | सोझैखरिद |
| जम्मा | | | २१००६५३ | |

४३ **जडानको प्रमाण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिका तथा वडा कार्यालय मार्फत खरिद गरेका देहायबमोजिमका खानेपानी पाइप, सडक बत्ती, पम्प सेट, मोटर, सोलार तथा ह्युमपाइप लगायतका सामाग्रीको कुन ठाउँमा उपयोग भएको देखिने गरी विस्तृत जडान सहितको प्राविधिक मूल्यांकन, अनुगमन सम्बन्धि कागजात समेत नराखेकोले खरिद मालसामान प्रयोग भएको, वितरण भएको एवं त्यसवाट लक्षित व्यक्तिलाई फाइदा पुगेको अनुगमन प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. | आपुर्तिकर्ता | खरिद विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| २०१।२०८०।१२।२१, २०२।२०८०।१२।२१ | भुमेश्वर इन्टरप्राइजेज | PN 16, 63 MM, 250 M | ४९६९६३ |
| | | PN 12.5, 40 MM, 1000 M | |
| | | PN 10, 32 MM, 650 M | |
| | | PN 16, 25 MM, 1000 M | |
| | | PN 16, 20 MM, 5050 M | |
| २३२।२०८१।१।१३ | अक्यूट नेपाल | NP3, Humpipe 450 mm | ९९३१० |
| ४०९।२०८१।३।१५ | अक्यूट नेपाल | NP3, Humpipe 600 mm, 10 pcs | १४९९३६ |
| | | NP3, Humpipe 500 mm, 12.5 pcs | |
| ४७४।२०८१।३।२२ | अक्यूट नेपाल | NP3, Humpipe 450 mm, 3 pcs | ४६५५८ |
| | | NP3, Humpipe 300 mm, 1 pcs | |
| १७७।२०८०।१२।६ | प्रख्यात ट्रेड एण्ड सप्लयार्स | सडक बत्ती जडान | २४६१८८ |
| १२।२०८०।४।१६ | न्यू ओम मिल स्टोर्स | पम्पसेट खरिद | २८५००० |
| १४।२०८०।४।१६ | दास इलेक्ट्रिकल्स एण्ड सप्लायर्स | ट्रान्सफर्मर र मोटर खरिद | ६९४८०० |
| २४।२०८०।४।१७ | न्यू ओम मिल स्टोर्स | जेनेरेटर खरिद | २५०००० |
| ३४।२०८०।४।२४ | नेपाल ब्रदर्श एण्ड सप्लायर्स | मोटर खरिद | २२५००० |
| ६८।२०८०।८।१७ | प्रख्यात ट्रेर्ड एण्ड जनरल सप्लायर्स | सोलार खरिद | ५८३८९९ |
| जम्मा | | | ३०७७६५४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,७७,६५४ |

## ४४ सिसिटिभि खरिद

सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने,नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा कार्यालयले यो वर्ष समेत प्रतिस्पर्धा नगराई खर्च गरेको छ । यसरी प्याकेज नगरी पटक पटक सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गएको र मुल्य समेत अनियन्त्रित हुने अवस्थामारहेकोले देहायको खर्च नियमित नदेखिएको रु

| भौ.नं. | विवरण | आपुर्तिकर्ता | भुक्तानीरु |
|---|---|---|---|
| ५।२०८०।४।१६ | सिसिटिभीखरिद | प्याचअप ट्रेडर्स प्रा.लि | २०४००० |
| ४१४।२०८१।३।१६ | | स्मार्टआइटि सोलुसन | ९८०९७५ |
| ४३६।२०८१।३।१९ | | जर्मोन आईटी सोलुसन प्रा.लि | ६६०९०५ |
| ११४।२०८०।१०।१४ | | एस.डब्लुट्रेडर्स | ७८००० |
| जम्मा | | | १९२३८८० |

| | |
|---|---|
| अनियमित भएको | १९,२३,८८० |

४५ **विद्युत महशुल जरिवाना**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २४ मा आफुले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैले पहल गर्ने उत्तरदायित्त्व जिम्मेवार पदाधिकारको हुने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २४ र नियमावली २०७७ को नियम ३९(११) बमोजिम सरकारी कारोवार गर्दा उचित गुणस्तर मितव्ययि तथा हानी नोक्सानी नहुने प्रबन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले नेपाल विद्युत प्राधिकरणलाई जरिवाना सहित भुक्तानी गरेको देखिन्छ।समयमै महशुल भुक्तानी नगर्दा ठुलो रकम जरिवाना वापत भुक्तानी गरेको देखिन्छ। जसको केहि उदाहरण निम्नानुसार उल्लेख गरिएको छ।पालिकाले पानी को विल, विद्युत महसुलतथा सवारी नविकरण जस्ता नियमित तथा अनिवार्य प्रकृतिका भुक्तानी समयमै गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ।

| गो भौ नं मिति | संस्था | विल रकम | जरिवाना |
|---|---|---|---|
| १२५-२०८०/६/१५ | नेपाल विद्युत प्राधिकरण | ५१२७८ | ५१२७ |
| १२६-२०८०/६/१५ | नेपाल विद्युत प्राधिकरण | ४४४४ | ११११ |
| ४४२-२०८०/७/२३ | नेपाल विद्युत प्राधिकरण | ३५०४४ | ७९७३ |
| ८३७-२०८०/१०/१५ | नेपाल विद्युत प्राधिकरण | १८६४३ | ४६६० |
| ८७८-२०८०/१०/२५ | नेपाल विद्युत प्राधिकरण | १०७८३ | १८१८ |

४६ **बढी अवधीको प्रशिक्षक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. १०९९-२०८०/१२/२० लैंगिक वजेट विश्लेषण तथा अन्तर्क्रिया कार्यक्रम कार्यालयको स्रेस्ताअनुसार (उपस्थिति विवरण समेत) २ दिन सञ्चालन भएको देखिन्छ । कार्यालयले विषय विज्ञलाइ भनेर प्रतिवेदन निर्माण तथा यातायात खर्च समेत उपलब्ध गराएको छ। तर पालिकाले भुक्तानी गर्दा २ दिनको ८ सेसनको दिलबहादुर वस्नेतलाई भुक्तानी दिनुपर्नेमा ३ दिनको १२ सेसनको भुक्तानी दिएकोले बढी दिन १ तथा सेसन ४ को प्रतिसेसन रु ३५०० को दरले करकट्टी पछी भुक्तानी भएको रु ११९०० असुल गर्नुपर्ने देखिन्छ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,९०० |

४७ **सडक वत्ती**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । कार्यालयले गो.भौ.नं. ४३३-२०८०/७/२३ बाट ७ नं वडा का विभिन्न स्थानहरुमा सडक वत्ती जडानको लागि रु. २००००० भुक्तानी दिएको छ । त्यसैगरी वडा नं २ मा गो.भौ.नं. ७३२-२०८०/१०/१४ बाट रु. ६०००० भुक्तानी भएको छ ।जसमा पालिकाले विद्युतको नियमित आपुर्तिको लागि नेपाल विद्युत प्राधिकरणबाट सडक वत्ती जडानको लागि अनुमति तथा मिटर वक्स खरिद गरी सडक वत्तीलाई दिगो र भरपर्दो हुने गरी व्यवस्थित गर्न सकेको छैन । यसरी सडकमा वत्ती राखेर जडानमात्र गर्दा नेपाल विद्युत प्राधिकरणले सडक वत्ती जफत गर्ने सक्ने हुँदा यसरी जडान गरी भुक्तानी गरेको रकम सदुपयोग नभइ दुरुपयोग हुन जान्छ। पालिकाले विद्युत प्राधिकरणसँग समन्वय गरी सडक वत्तीको लागि सहमती वा मिटर राखी यसलाइ दिगो बनाउनुपर्दछ साथै उक्त सडक बत्तीलाइ PAMS मा अभिलेखिकरण गर्नुपर्ने देखिन्छ।

४८ **बढी दरमा भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५५,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

**४९ बढी आमन्त्रित सदस्यलाई बैठक भत्ताः**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१५ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने, आमन्त्रित सदस्यमा समितिको संख्याको पच्चीस प्रतिशतले हुन आउने संख्या मात्र राख्नु पर्ने लगायतका व्यबस्था उल्लेख छ। बैठक भत्ताको केही भौचर परीक्षणमा लेखा समिति, विपद् व्यबस्थापन समिति, मुल्यांकन समिति तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समयमा गरेको र बैठकको समय समेत नखुलाई बैठक बसेको र आमन्त्रितको संख्या तोकिएको भन्दा बढी संख्यामा राखी भत्ता खर्च लेखेको छ। प्रायः बैठकको बैठक बसेको समय नखुलाई बैठक सम्पन्न भएको देखिन्छ । तसर्थ आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ। गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेखित बिषय औंल्याईएकोमा सुधार भएको देखिएन । यस सम्बन्धमा छलफल गर्दा वडा अध्यक्षले कार्यालय समयमा काम गर्नुपर्ने हुँदा बिदा र कार्यालय समय बाहेकको समयमा सहभागी गराउँदा बढी सङख्या देखिन गएको उल्लेख गरेको छ ।

| भौचर नं र मिति | बैठक | बिबरण | भत्ता रकम |
|---|---|---|---|
| ४८४-२०८०/८/५ | सामाजिक विकास समिति | ५ सदस्यीय समितिमा ६ जना आमन्त्रित सदस्य | १८४०० |
| ११०३-२०८०/१२/२१ | राजश्व परामर्श समिति | ७ सदस्यीय समितिमा ७ जना आमन्त्रित सदस्य | ४१००० |
| १२९४-२०८१/२/२ | पुर्वाधार विकास समिति | ४ सदस्यीय समितिमा ९ जना आमन्त्रित सदस्य | १०५००० |
| १२९४-२०८१/२/२ | संस्थागत विकास तथा सुशासन समिति | ५ सदस्यीय समितिमा ५ जना आमन्त्रित सदस्य | १४६०० |

**५० नियमित काममा बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ।निजामति सेवा ऐन र नियमावली तथा स्थानिय सरकार सञ्चालन ऐन लगायत कुनै पनि ऐनमा करारका कर्मचारीको कार्यसम्पादन गर्ने गर्ने व्यवस्था रहेको छैन ।त्यस्तै प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धमा उल्लेख गरेको छ।जसमा प्रचलित कानूनमा बैठक भत्ता तथा बैठक सम्बन्धी छुट्टै मापदण्ड नतोकिएको अवस्थामा बैठक भत्ता सम्बन्धी मापदण्ड देहाय बमोजिम हुने उल्लख छ।जसमा स्पष्ट विषयवस्तु, कार्य योजना तथा कार्य सर्त बिना बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि बसेको हुनु पर्ने, कानून बमोजिम गठित समिति बाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित बैठकमा भत्ता नपाइने,कानून बमोजिम गठित समिति वा लेखा उत्तरदायी अधिकृतको निर्णय वा आदेशबाट गठित समिति वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिने,बैठकमा अतिरिक्त विशेषज्ञ सेवा भावश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रूपमा राख्न सकिने,बैठक व्यवस्थापन गर्न दुई जनासम्म सहयोगी कर्मचारी संलग्न गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित मापदण्ड भन्दा वाहिर गइ बैठक भत्ता भुक्तानी गरेको तथा कार्यालयको दैनिक कार्यहरुमा समेत समिति निर्माण गरी भत्ता वुझेको विशेषज्ञ वेगर कार्यालयकै कर्मचारी तथा पदाधिकारीलाई आमन्त्रित सदस्य तथा समितिमा पदेन सदस्य समेतको व्यवस्था गरी बैठक भत्ता भुक्तानी भएको देखिन्छ।यसरी कानूनी व्यवस्था विपरित वुझेको बैठक भत्ता असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

| गो भौ नं मिति | नाम | बैठकसंख्या | बैठकदर | जम्मा | करकट्टीपछी वुझेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १३४०-२०८१/२/८ | राजु प्रसाद न्यौपाने | १ | १००० | १००० | ८५० | करारकर्मचारीको कार्य सम्पादन मुल्यांकन |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५० |

५१ **जलस्रोत समितिको बैठक भत्ताः**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धमा उल्लेख गरेको छ।जसमा प्रचलित कानूनमा बैठक भत्ता तथा बैठक सम्बन्धी छुट्टै मापदण्ड नतोकिएको अवस्थामा बैठक भत्ता स्पष्ट विषयवस्तु, कार्य योजना तथा कार्य सर्त बिना बैठक बस्न पाइने छैन, बैठक कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ, कानून बमोजिम गठित समिति बाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित बैठकमा भत्ता दिइने छैन,कानून बमोजिम गठित समिति वा लेखा उत्तरदायी अधिकृतको निर्णय वा आदेशबाट गठित समिति वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिनेछ,बैठकमा अतिरिक्त विशेषज्ञ सेवा भावश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रूपमा राख्न सकिनेछ,बैठक व्यवस्थापन गर्न दुई जनासम्म सहयोगी कर्मचारी संलग्न गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित मापदण्ड भन्दा वाहिर गइ बैठक भत्ता भुक्तानी गरेको तथा कार्यालयको दैनिक कार्यहरुमा समेत समिति निर्माण गरी भत्ता वुझेको विशेषज्ञ वेगर कार्यालयकै कर्मचारी तथा पदाधिकारीलाई आमन्त्रित सदस्य तथा समितिमा पदेन सदस्य समेतको व्यवस्था गरी बैठक भत्ता भुक्तानी भएको देखिन्छ।यस सम्बन्धमा कार्यालयले छलफल गर्दा बन डिभिजन कार्यालय चितवन र सिंचाई तथा जलस्रोत विकास डिभिजन समेत संलग्न भएकोले आवश्यक र अनिवार्य बैठक खर्च दावि गरेको छ। यस्तो खर्च नियन्त्रण हुनुपर्दछ।

| गो भौ नं मिति | नाम | बैठक संख्या | बैठक दर | जम्मा | करकट्टी पछी वुझेको | कैफियत |
|---|---|---|---|---|---|---|
| १५२४-२०८१/३/२४ | विनोद रेग्मी | ३ | १००० | ३००० | २५५० | आधारभुत परिक्षा अनुगमन |
| | विमला तामाङ | ३ | १००० | ३००० | २५५० | |
| | चुडामणि शर्मा गौतम | २ | १००० | २००० | १७०० | |
| | केशव प्रसाद उपाध्याय | १ | १००० | १००० | ८५० | |
| | सन्तविर स्याङतान | २ | १००० | २००० | १७०० | |
| | विरेन्द्र तामाङ | १ | १००० | १००० | ८५० | |
| | दिपक भट्टराई | ३ | १००० | ३००० | २५५० | |
| | निलकण्ठ मगर | १ | १००० | १००० | ८५० | |
| | टिकाराम रेग्मी | २ | १००० | २००० | १७०० | |
| | चित्र वहादुर मगर | १ | १००० | १००० | ८५० | |
| | कमलराज मुक्तान | २ | १००० | २००० | १७०० | |
| | देवी प्रसाद पौडेल | ३ | १००० | ३००० | २५५० | |
| | चिरन्जीवी सेढाई | १ | १००० | १००० | ८५० | |
| | दिपक सिंह परियार | १ | १००० | १००० | ८५० | |
| | शान्ती महतो | २ | १००० | २००० | १७०० | |
| | ऋषि प्रसाद कडुवाल | ३ | १००० | ३००० | २५५० | |
| | किशोर खतिवडा | २ | १००० | २००० | १७०० | |
| | राम प्रसाद अधिकारी | ३ | १००० | ३००० | २५५० | |
| | प्रकाश चन्द्र पौडेल | २ | १००० | २००० | १७०० | |
| | राजेश कोइराला | १ | १००० | १००० | ८५० | |
| | शिव प्रसाद पोखरेल | २ | १००० | २००० | १७०० | |
| | बावुराम निहुरे | ३ | १००० | ३००० | २५५० | |
| | जीवेश जोशी | १ | १००० | १००० | ८५० | |
| | अरुण रुपाखेती | १ | १००० | १००० | ८५० | |
| | मान व थापा | ३ | १००० | ३००० | २५५० | |
| | जम्मा | | | | ४१६५० | |

५२ **खरिद समिति बैठकः**

अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१ बैठक भत्ताको मापदण्डको सि नं ४ मा एउटै निकाय अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बस्ने बैठकमा भत्ता प्रदान नगर्ने कानून अनुसार गठन भएका समितिहरुको बैठकलाइ मात्र भत्ता व्यवस्था गर्ने प्रावधान रहेको छ ।साथै प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ३ मा बैठक भत्ताको मापदण्ड सम्बन्धमा उल्लेख गरेको छ।जसमा प्रचलित कानूनमा बैठक भत्ता तथा बैठक सम्बन्धी छुट्टै मापदण्ड नतोकिएको अवस्थामा बैठक भत्ता

सम्बन्धी मापदण्ड देहाय बमोजिम हुने उल्लख छ।जसमा स्पष्ट विषयवस्तु, कार्य योजना तथा कार्य सर्त बिना बैठक बस्न पाइने छैन, बैठक कार्यालय समय अघि वा पछि बसेको हुनु पर्नेछ, कानून बमोजिम गठित समिति बाहेक एउटै निकायको पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित बैठकमा भत्ता दिइने छैन,कानून बमोजिम गठित समिति वा लेखा उत्तरदायी अधिकृतको निर्णय वा आदेशबाट गठित समिति वा कार्यदलको बैठकको लागि मात्र भत्ता प्रदान गरिनेछ,बैठकमा अतिरिक्त विशेषज्ञ सेवा भावश्यक परेको अवस्थामा बढीमा तीन जना आमन्त्रित सदस्यका रूपमा राख्न सकिनेछ,बैठक व्यवस्थापन गर्न दुई जनासम्म सहयोगी कर्मचारी संलग्न गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित मापदण्ड भन्दा वाहिर गइ बैठक भत्ता भुक्तानी गरेको तथा कार्यालयको दैनिक कार्यहरुमा समेत समिति निर्माण गरी भत्ता वुझेको विशेषज्ञ वेगर कार्यालयकै कर्मचारी तथा पदाधिकारीलाई आमन्त्रित सदस्य तथा समितिमा पदेन सदस्य समेतको व्यवस्था गरी बैठक भत्ता भुक्तानी भएको देखिन्छ।यसरी कानूनी व्यवस्था विपरित वुझेको बैठक भत्ता असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु

| गो भौ नं मिति | नाम | बैठकसंख्या | बैठकदर | जम्मा | करकट्टीपछी वुझेको | कैफियत |
|---|---|---|---|---|---|---|
| | शिव प्रसादपोखरेल | ८ | १००० | ८००० | ६८०० | |
| | ईश्वरप्रसाद पौडेल | १ | १००० | १००० | ८५० | |
| | जम्मा | | | | ७६५० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६५० |

५३ **योजना अनुगमनः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । पालिकाले आ.व. ०७९।०८० मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत विभिन्न पदाधिकारी तथा कर्मचारीको अनुगमन खर्च लेखेको छ । यस प्रकारको अनुगमनका लागि भत्ता भुक्तानि गर्न मिल्ने आधार नदेखिएकोले सो भुक्तानि गर्न मिल्ने आधार पेश गर्ने अन्यथा सम्बन्धितहरुबाट असूल

गरी दाखिला गर्नुपर्ने यस सम्बन्धमा छलफल हुँदा पालिका अन्तर्गत पहाडी भुभाग भएको र १५ किलोमिटर भन्दा टाढा समेत रहेकोले अनुगमन खर्च बापत जम्मा १२ वटा अनुगमन को मात्र खर्च लेखेको जनाएको छ।यस्तो खर्च नियन्त्रण हुनुपर्दछ।

| गो भौ नं मिति | नाम | बैठक संख्या | बैठक दर | जम्मा | करकट्टी पछी वुझेको | कैफियत |
|---|---|---|---|---|---|---|
| ९८०-२०८०/११/२२ | विमला तामाङ | १२ | १००० | १२००० | १०२०० | |
| | कमलराज मुक्तान | १२ | १००० | १२००० | १०२०० | |
| | लक्ष्मण पौडेल | १२ | १००० | १२००० | १०२०० | |
| | शान्ती महतो | १० | १००० | १०००० | ८५०० | |
| | चुडामणी शर्मा गौतम | ११ | १००० | ११००० | ९३५० | |
| | शिवप्रसाद पोखरेल | १२ | १००० | १२००० | १०२०० | |
| | ऋषि प्रसाद कडुवाल | १२ | १००० | १२००० | १०२०० | |
| | किसोर खतिवडा | ५ | १००० | ५००० | ४२५० | |
| | बावुराम निउरे | ७ | १००० | ७००० | ५९५० | |
| | सुदिप भट्टराई | ६ | १००० | ६००० | ५१०० | |
| | जिवेश जोशी | ६ | १००० | ६००० | ५१०० | |
| | रेशम रेग्मी | ४ | १००० | ४००० | ३४०० | |
| | सुनिल वन्जारा | ४ | १००० | ४००० | ३४०० | |
| | विजय गूरुङ | २ | १००० | २००० | १७०० | |
| | जम्मा | | | | ९७७५० | |

५४ **प्रशिक्षकको वढी दरमा भुक्तानीः**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.१५सि.नं. ३ अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत पालिका स्तरमा रु. ७०० र कार्यपत्र वापत रु. ८०० पाउने तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ ।प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ अनुसुची १ मा तालिम केन्द्र वाहेक अन्य सवै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा पालिकास्तर कक्षा सञ्चालन बापत रु ६०० र कार्यपत्र वापत ७०० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धित कार्यालयले संचालन गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ साथै कार्यक्रम संयोजकको रु ४०० र सहयोगी कर्मचारीको रु ३०० पाउने व्यवस्था रहेको छ ।यस सम्बन्धमा छलफल गर्दा पालिकाले स्थानीय कार्यविधि बनाई खर्च गरेको जनाएको छ। यस पालिकाबाट विभिन्न तालिम सञ्चालन गर्दा एउटै निकाय भित्रको कर्मचारीले तालिम सञ्चालन कार्यपत्र वापतकोरकम मात्र भुक्तानि गर्नुपर्नेमा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम असूल उपर गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं मिति | नाम | सेसन | वुझेकोदर | पाउनुपर्नेदर | फरक दर | फरकरकम | करकट्टी पछी वुझेको रकम |
|---|---|---|---|---|---|---|---|
| १५८-२०८०/६/१७ | सुनिताअधिकारी | १ | २५०० | १४०० | ११०० | ११०० | ९३५ |
| १५८-२०८०/६/१७ | नानीमाया पौडेल | १ | १६०० | ७०० | ९०० | ९०० | ७६५ |
| १६०-२०८०/६/१७ | विजयराजपण्डित | १ | २५०० | १४०० | ११०० | ११०० | ९३५ |
| १६०-२०८०/६/१७ | प्रकाशचन्द्र पौडेल | १ | २१०० | ७०० | १४०० | १४०० | ११९० |
| ८८५-२०८०/१०/२६ | प्रकाशचन्द्र पौडेल | २ | २१०० | ७०० | १४०० | २८०० | २३८० |
| १०९२-२०८०/१२/१९ | श्रीरेन्द्रप्रकाश पोखरेल | १२ | २००० | १४०० | ६०० | ७२०० | ६१२० |
| १०९९-२०८०/१२/२० | दिलवहादुरबस्नेत | ८ | ३५०० | १४०० | २१०० | १६८०० | १४२८० |
| ११९५-२०८१/१/१७ | रमेशवस्ताकोटी | १५ | २५०० | १४०० | ११०० | १६५०० | १४०२५ |
| १६६१-२०८१/३/१८ | कृष्ण ज्यु ठकुरी | १ | २५०० | १४०० | ११०० | ११०० | ९३५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,८०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२४,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **४,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **३,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,३२५ |

५५ **वडा स्तरिय मेलमिलाप समितिलाइ यातायात भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।कानूनमा वडा स्तरिय मेलमिलाप समिति गठन समबन्धि व्यवस्था रहने कतै उल्लेख छैन।नमुनाक आधारमा छनौट गर्दा पालिकाले वडा स्तरमा मेलमिलाप समिति गठन गरी उक्त समितिका सदस्यलाइ यातायात खर्च भुक्तानी दिएको देखिन्छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ नं मिति | वडा नं | सदस्य संख्या | यातायात भत्ता बुझेको बैठक संख्या | दर | जम्मारकम |
|---|---|---|---|---|---|
| १५८६-२०८१/३/१५ | ६ | ५ | ३ देखी ८ | ५०० | १३५०० |
| | ४ | ५ | ४ देखी १३ | ५०० | १९५०० |
| | २ | ५ | ४ देखी १९ | ५०० | २८५०० |
| १५९१-२०८१/३/१५ | ३ | ५ | १ देखी ६ | ५०० | ९००० |
| १५९६-२०८१/३/१५ | ३ | ५ | १ देखी ६ | ५०० | ९००० |
| १६४९-२०८१/३/१८ | ५ | ५ | २ देखी ६ | ५०० | १५००० |
| ११३२-२०८०/१२/२८ | ३ | ५ | २ देखी ६ | ५०० | १५००० |
| | ७ | ५ | १ देखी ४ | ५०० | ६५०० |

५६ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई धरौटी फिर्ता दिँदा ती करदाताले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्यअभिवृद्धि कर विवरण पेश गरेको प्रमाण कागजात पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न फर्मको मूल्यअभिवृद्धि कर समायोजनको प्रमाण समावेश नगरी धरौटी फिर्ता गरेको छ । नियमानुसार सम्बन्धित कर कार्यालयबाट जारी गरिएको मूल्यअभिवृद्धि करबापतको रकम समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु

| मिति | भौनं. | विवरण | प्यान | धरौटी फिर्ता | |
|---|---|---|---|---|---|
| २०८०-०४-३० | ४ | डिभाइन इन्जिनियरिङ्ग | ६०६६९७५५२ | ६,१५,३१२ | |
| २०८०-०६-०९ | ११ | ग्रान्डइन्फ्रास्टक्चर | ६०६८०७४३२ | १०,७८,७१० | |
| २०८०-०६-१५ | १२ | वसन्तनिर्माण सेवा | ३००४०८१३७ | ३,८१,४३२ | |
| २०८०-०९-०५ | २६ | जय भगवती निर्माण सेवा | ३००३३६६२ | ३,६०,५३० | |
| २०८०-०९-२६ | ३१ | प्रसाद । मा दुर्गा जे.भी. | ६१४४४९९१४ | ३,४०,५९४ | |
| २०८०-११-२७ | ३५ | चित्रसेन बाबाकन्स्ट्रक्सन प्रा.लि. | ६०९८०९९७४ | ५५,००० | |
| २०८०-१२-२० | ३७ | समृद्धनिर्माण सेवा | ६०५७०५६३६ | २,५१,४३० | |
| | | जम्मा | | ३०,८३,००८ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६३०,४५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१५०,२८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,२५०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **६२९,९८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,८३,००८ |

## ५७ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा २७२ योजनाहरुमा यो वर्ष जम्मा रु. ९ करोड ९८ लाख ९६ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सो सँग सम्बन्धित फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

(क) **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

(ख) **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

(ग) **समिति सदस्यता :** बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**अनुगमन समितिः** उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन प्रतिवदनमा उक्त विषयहरु उल्लेख गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

५८ **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनामा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

५९ **आयोजना हस्तान्तरण :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । प्राप्त सफ्टकपी विवरण अनुसार उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता रु. ९ करोड ९८ लाख ९६ हजारका २७२ वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा अधिकांश आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुँदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

६० **अन्य संस्थाको लागि खरिद**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले पुँजीगत बजेटमा चालु प्रकृतिका कार्यक्रम समेत तर्जुमा गरी स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका संस्थाका लागि विभिन्न प्रकृतिका सामाग्रीहरु खरिदका लागि बजेट बिनियोजन गरी खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । पालिकाले विभिन्न सहकारी संस्था तथा टोल विकास संस्थाहरुको भौतिक र वित्तीय अवस्थाको विश्लेषण गरेको देखिदैन साथै खरिद सामाग्रीको उपयोगको प्रभावकारिता सम्बन्धमा अनुगमन समेत गरेको देखिएन । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानिय विकासमा प्राथमिकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित नाफामुलक संस्था र अन्य तहका निकायहरुको खरिद कार्यका लागि बिनियोजन तथा खर्च गरेको रकम नियमसंगत नदेखिएको रु.

| भौ.नं. | योजना | समुहसुंस्था | भुक्तानीरु. |
|---|---|---|---|
| २७४।२०८१।२।२ | फर्निचरखरिद | लोकसांस्कृतिक समुह | ४७७१४ |
| २९६।२०८१।२।१३ | इरिक्साखरिद | श्रीसामुदायिक दुग्ध उत्पादक सहकारी संस्था | ३३४४६० |
| ३८६।२०८१।३।१२ | सिसि क्यामरा | सुर्यकिरणसहकारी संस्था | ५०००० |
| ८४५।२०८०।१०।२१(चालु) | गेट, फ्लेक्स प्रिन्ट, डायरी | चितवन जिल्ला अदालत बार एसोसियसन | ५०००० |
| जम्मा | | | ४८२१७४ |

| | |
|---|---|
| अनियमित भएको | ४,८२,१७४ |

६१ **कालिका नगर अस्पतालतर्फ**

६१.१ अस्पतालबाट प्राप्त विवरणअनुसार चालु आर्थिक वर्षमा वीमा योजनाअन्तर्गत ४८६६९ सेवा प्रदान गरी रु. ४,५१,१०,३७६ बीमा दाबी गरिएकोमा २०८१ आषाढसम्म रु. २,०८,५०,५५२ भुक्तानी भई रु. २,४२,५५,८२५ सोधभर्ना बाँकी रहेको देखिन्छ । बीमा बापतको बाँकी सोधभर्ना रकममध्ये २०८१ आषाढपछि रु. २,१४,२१,०४३ प्राप्त भएकोमा दाबी रकममा रु ५,२५६ नपुग देखिन्छ । समयमै वीमा दावी रकम प्राप्त गर्नका लागि विस्तृत विवरण तयारी गरी सम्बन्धित निकायमा आवश्यक समन्वय गर्नुपर्दछ । स्वास्थ्य सेवा प्रवाहमा निरन्तरता सुनिश्चित गर्न र अस्पतालको नगद प्रवाहमा सुधार गर्न बीमा दाबी प्रक्रिया प्रभावकारी बनाई बाँकी रकम समयमा नै शोधभर्ना लिनु पर्दछ ।

| सेवा प्रवाह सङ्ख्या | कुल वीमा रकम दाबी | २०८१ आषाढसम्मको शोधभर्ना | २०८१ आषाढपछिको शोधभर्ना | हालसम्म कुल प्राप्त | शोधभर्ना बाँकी रकम |
|---|---|---|---|---|---|
| ४८६६९ | ४,५१,१०,३७६ | २,३६,८४,०७७ | २,१४,२१,०४३ | ४,५१,०५,१२० | ५२५६ |

६१.२ **अस्पतालको आयव्यय विवरण**

नगरपालिकाले कालिका स्वास्थ्य चौकीलाई स्तरोन्नति गरी नगर अस्पतालको रूपमा सञ्चालन गरेकोमा अस्पतालको आम्दानी तथा खर्च (आयव्यय) सम्बन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ । यस विवरणमा अस्पतालको विभिन्न स्रोतहरूबाट प्राप्त आम्दानी तथा सञ्चालन, व्यवस्थापन, सेवा प्रवाह, प्रशासनिक कार्य, उपकरण तथा औषधि खरिद, कर्मचारी तलब-भत्ता, मर्मतसम्भार, र अन्य विविध खर्चहरूको विस्तृत विवरण समावेश गरिएको छ । प्रस्तुत विवरणबाट अस्पतालको एकीकृत कारोवार देहायबमोजिम रहेको छ ।

| आय | | | व्यय | | | |
|---|---|---|---|---|---|---|
| विवरण | | रकम | सिनं | विवरण | शीर्षक नं | रकम |
| गतवर्षको जिम्मेवारी | | १, ०६ , ४५ , ३३४.२४ | १ | अर्न्तकृया छलफल कार्यक्रम | 22522 | १५०००. |
| रा.बा.बैक | ९३५५४५०.६८ | | २ | आमा सुरक्षा कार्यक्रम | 22522 | १४४१६०. |
| ने.बैक.लि खाता संचालनमा नरहेको | १७१४५.६१ | | ३ | सुरक्षीत गर्भ पतन सेवा | 22522 | ३०९६०. |
| देव विकास खाता संचालनमा नरहेको | १२५६९.३५ | | ४ | एम.एस.एस कार्यक्रम/सि एम इ | 22522 | ३८८७०. |
| माछापुच्छ्रे फार्मेसि खाता | ९००४४०. | | ५ | विविध कार्यक्रम/रेवीज खोप | 22522 | २७७००. |
| माछापुच्छ्रे एम्वुलेन्स | ३५९२२८.६ | | ६ | विविध खर्च | 22711 | १०८२६२. |
| विश्वनाथ रेग्मी | ५००. | | ७ | कार्यालय संचाल मसलन्द सामाग्री | 22311 | ३६२१५०. |
| विमा वोर्ड बाट प्राप्त | | २, ८३ , ४८ , ०८२.०० | ८ | मेशिन औजार सवारी साधन मर्मत | 22221 | १७११६०. |
| ओ.जि.टी बाट प्राप्त अन्य बिक्रि | | ६ , १५०.०० | ९ | इन्धन र मो.सा.मर्मत | 22212 | २७२६२०. |
| प्रयोगशाला बाट प्राप्त | | १६, २५ , ४६२.०० | १० | अन्य सार्वजनिक निर्माण र मर्मत सम्भार | 22231 | ३०९८०३. |
| पे.फ.बाट | | ६, २१४.०० | ११ | विमा कार्यक्रम प्रोत्साहान सूविधा | 22135 | ३७२७१४४ |
| ड्रेसिङ आम्दानीर इमेरजेन्सी बाट | | ३, ७० , ०१०.०० | १२ | अस्पताल संचालन सामाग्री | 22319 | ४८१६३९. |
| आमा सुरक्षा कार्यक्रम | | २, ५२ , ९००.०० | १३ | बैठक भत्ता | 21134 | ४१००००. |
| नगरपालिका बाट | | १०, ७६ , ९७२.२५ | १४ | इन्टरनेट, सुचना संचार | 22112 | ६२६००. |
| नगरपालिका एम एस एस कार्यक्रम | | २० , ०००.०० | १५ | बिद्युत पानि महशुल | 22111 | ५०००००. |
| सूरक्षीत गर्भपतन कार्यक्रम | | ५८ , २००.०० | १६ | करार कर्मचारी पारिश्रमीक तथा सेवा शुल्क | 22413 | ९११७१२३.२ |
| क्षयरोग कार्यक्रम | | – | १७ | अनकल डीउटी र अतिरिक्त सुविधा/ सट्टा बिदा | 22135 | १०१५९२७. |
| धरौटी प्राप्त | | ७, ७१ , ६४८.०० | १८ | टि.एफ.टी.परिक्षण | 22135 | ४४०४००. |
| फार्मेसि बाट प्राप्त | | ६, ०५ , २९३.०० | १९ | एम्वुलेन्स सञ्चालनमा इनधन र मर्मत खर्च | 22212 | ५०२९६६. |
| टेन्डर फर्म विक्री बाट | | ३०, ०००.०० | २० | औषधि तथा ल्याव सामाग्रीर एक्सरे | 27213 | १२२२२९६९. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | फिल्म खरिद | | |
| बेरुजु/ दाखिला बाँकी | | ३१०. | २१ | मेशिन औजार (कम्पुटर इसिजी, टोकन मेसिन) | 31122 | १५७१५६५. |
| एम्वुलेन्स सञ्चालन आम्दानी | | ६, ०३ , ५००.०० | २२ | स्क्रव तथा पोशाक | 22121 | १७००००. |
| | | | २३ | छपाइ तथा बिज्ञापन सूचना प्रकाशन अन्य | 22315 | ९४८५५८. |
| | | | २४ | कार्यालय प्रमुख सुविधा कार्य सम्पादन करारको आधारमा | 21139 | २१८३३६. |
| | | | २५ | सफ्टवेयर नविकरण संचालन | 22412 | ९२१६०. |
| | | | २६ | दैनिक भ्रमण भत्ता | 22612 | १८८१५०. |
| | | | २७ | प्रयोगशाला परिक्षण सेवा शुल्क | 22411 | ४४५६०३०. |
| | | | २८ | सेवा खरिद खिडीयो एक्सरे | 22419 | १०३३३९५. |
| | | | २९ | फर्निचर फिक्सर सामग्री | 31123 | १२२३५०. |
| | | | ३० | धरौटी फिर्ता | | ३१४२११. |
| | | | ३१ | दाखिलाहुन बाकी रकम दाखिला भएको | 22600 | ० |
| | | | | मौज्दात बाकी | | ५३, ४३ , ८६७.२९ |
| | | | | नेपाल बैक | १७१४५.६१ | |
| | | | | देव विकास खाता संचालनमा नरहेको | १२५६९.३५ | |
| | | | | रा.बा.बैक | ४०७७२७३.७३ | |
| | | | | माछापुच्छ्रे फार्मेसि खाता | ७७७११६. | |
| | | | | माछापुच्छ्रे एम्वुलेन्स | ४३७१६२.६ | |
| | | | | नगद (एम्वुलेन्स) | २२६००. | |
| जम्मा | | ४, ४४ , २० , ०७५.४९ | | जममा | | ४, ४४ , २० , ०७५.४९ |

कालिका नगर अस्पतालको आर्थिक वर्ष २०८०।८१ को कुल आय रु. ४,४४,२०,०७५।४९ रहेकोमा सुरु मौजदात रु. १,०६,४५,३३४.२४, बीमा बोर्डबाट प्राप्त रु. २,८३,४८,०८२.००, फार्मेसी आम्दानी रु. ६,०५,२९३.००, एम्बुलेन्स सेवा आम्दानी रु. ६,०३,५००.०० तथा अन्य विविध आय रु. ४२,१७,८८६.२५ रहेको छ । यस अवधिमा करार सेवामा कार्यरत कर्मचारीहरूको तलब भत्ता, औषधि खरिद, मेशिनरी तथा औजार खरिद, र अन्य विविध खर्च गरी कुल रु. ३,९०,७६,१९९.२० खर्च भई बैंक मौज्दात रु. ५३,४३,८६७.२९ रहेको विवरण पेस भएको छ ।

६२ **आन्तरिक आयतर्फ**

६२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अन्य विभिन्न शीर्षकमा अनुमानित रु. ५,००,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ५,९८,३३,७८९ अर्थात् अनुमानको ११९.६७ प्रतिशत असुल गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६२.२ महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको राजस्व संकलन, लेखाङ्कन तथा प्रतिवेदनलाई व्यवस्थित तुल्याउने उद्देश्यले २०७९ माघमा सुत्र राजस्व मोड्युलको शुरुवात गरी २०८० पौषदेखि सवै ७५३ स्थानीय तहको राजस्व खातामा अनलाइन माध्यमबाट राजस्व वुझाउन सकिने व्यवस्था गरेको छ । स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) प्रयोग गरी राजस्व व्यवस्थापन गर्नुपर्नेमा पालिकाले स्वचालित प्रणाली (साँग्रिला सफ्टवेयर) प्रयोग गरी राजश्व (सम्पत्ति कर र भूमिकर) संकलन गरेको जानकारी दिएको छ । सो सफ्टवेयर सूचना विभागबाट प्रमाणित भएको पाइएन । सुत्रको राजस्व मोड्युल आंशिक रुपमा प्रयोग भएकोले पालिकाले पूर्ण रूपमा प्रयोग गर्नेतर्फ पहल गर्नुपर्दछ ।

६२.३ राजश्वको अनुमान लाई यथार्थ परक वनाउन तथ्यमा आधारित अनुमान गरि स्रोत यकिन गर्नु पर्दछ । पालिकाको दुई आर्थिक वर्षको आन्तरिक तर्फको राजस्वको अनुमान तथा असुली निम्नानुसार रहेको छ ।

| आर्थिक वर्ष | लक्ष्य | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आ. व. २०८०।८१ | ५,००,००,००० | ५,९८,३३,७८९ | ११९.६७ |
| आ. व. २०७९।८० | ३,५०,००,००० | ३,८३,५५,२७० | १०९.५९ |

पालिकाले आ. व. २०८०।८१ को आन्तरिक आयको लागि राजस्व अनुमान रु ५,००,००,००० गरेकोमा रु ५,९८,३३,७८९ असुल गरेको छ जुन अनुमानको ११९.६७ % रहेको छ । अघिल्लो आर्थिक वर्षमा अनुमानको १०९.५९ % राजस्व असुल गरेको विवरणबाट देखिन्छ । आ. व. २०७९।८० मा भन्दा आ. व. २०८०।८१ मा रु १ करोड ३५ लाख ९५ हजार ६४१ बढी राजस्व प्राप्ति रहेको छ । राजस्व प्राप्तिको स्रोतहरू यकिन गरी यथार्थपरक अनुमान गर्नुपर्दछ ।

६२.४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५५७५८ र ५९ मा सम्पत्ति कर र मालपोत करघरजग्गा वहाल करव्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | अनुमानितआय | वास्तविक आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पतीकर | ५५,००,००० | ५२,७७,९६० | ९५.९६ |
| २ | ११३१४ - भुमिकर/मालपोत | ४५,००,००० | ४०,५२,१२१ | ९०.०५ |
| ३ | ११३१७ - वहाल कर | ५०,००,००० | ५४,४८,८१९ | १०८.९८ |
| ४ | ११३१८ - वहाल विटौरी कर | ० | ३,२९,९०० | ०.०० |
| ५ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ५७,३३,८४८ | ०.०० |
| ६ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १,६७,६२५ | ०.०० |
| ७ | ११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | ६०,६०१ | ०.०० |
| ८ | ११६९१ - अन्य कर | १०,००,००० | ७,६५,८७१ | ७६.५९ |
| ९ | १३४११ - अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ०.०० |
| १० | १४१२९ - अन्य निकायबाट प्राप्त लाभांश | ० | ० | ०.०० |
| ११ | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४०,००,००० | २३,५५,७४१ | ५८.८९ |
| १२ | १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ३,००० | ०.०० |
| १३ | १४२१८ - विद्युत सेवा शुल्क | ० | ४,५०० | ०.०० |
| १४ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ४०,००,००० | ५,७०,९०७ | १४.२७ |
| १५ | १४२२१ - न्यायिक दस्तूर | ० | ३,२५० | ०.०० |
| १६ | १४२२४ - परीक्षा शुल्क | ० | २०,८०० | ०.०० |
| १७ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | १३,६९,६१३ | ०.०० |
| १८ | १४२४२ - नक्सापास दस्तुर | २५,००,००० | १,२९,९३,६३० | ५१९.७५ |
| १९ | १४२४३ - सिफारिश दस्तुर | १,२०,००,००० | ७१,५८,२४५ | ५९.६५ |
| २० | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १५,००,००० | ८,५९,७०० | ५७.३१ |
| २१ | १४२४५ - नाता प्रमाणित दस्तुर | १,००,००० | २,४५,५०० | २४५.५० |
| २२ | १४२४९ - अन्य दस्तुर | २०,००,००० | २७,६२,७८० | १३८.१४ |
| २३ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २६,३८,८२५ | ०.०० |
| २४ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | ४,४०० | ०.०० |
| २५ | १४२६५ - अन्य क्षेत्रको आय | ० | १,००० | ०.०० |
| २६ | १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | ० | ८०,६५० | ०.०० |
| २७ | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ३५,००,००० | २५,३५,९८७ | ७२.४६ |
| २८ | १४५२९ - अन्य राजस्व | १२,००,००० | १,६१,१६४ | १३.४३ |
| २९ | १४६११ - व्यवसाय कर | २७,००,००० | ३७,८४,९३५ | १४०.१८ |
| ३० | १५१११ - बेरूजू | ५,००,००० | ४,४१,१२२ | ८८.२२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | १५११३ - अनुदान फिर्ता | ० | १,२९५ | ०.०० |
| जम्मा | | ५,००,००,००० | ५,९८,३३,७८९ | ११९.६७ |

उपयुक्त विवरण अनुसार ३१ वटा शिर्षकमध्ये २ वटा शिर्षकमा लक्ष्य र असुली दुवै नतोकेको १६ वटा शिर्षकमा लक्ष्य नतोकी आम्दानी प्राप्त गरेको र ५ वटा शिर्षकमा लक्ष्यको तुलनामा बढी राजश्व प्राप्त गरेतापनि अन्य १० वटा शिर्षकमा लक्ष्यभन्दा घटी राजश्व असुल भएको छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको देखिन्छ । आन्तरिक आय तर्फ रु ५ करोड ९८ लाख ३३ हजार ७८९ राजस्व आम्दानी भएकोमा राख्नुपर्ने म.ले.प.फा.नं. नराखेको तथा प्राप्त हुनुपर्ने राजस्व र प्राप्त राजस् बीच परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र लक्ष्य अनुसार राजश्व असुली गर्नुपर्दछ ।

### ६३ दरवन्दी तथा पदपूर्ति

आ.व. २०८०।८१ मा कालिका नगरपालिकामा ७ माध्यमिक तहका विद्यालयसहित ३७ सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेको छ । ती विद्यालयहरूमा कार्यरत शिक्षकको विवरण देहायबमोजिम रहेको छ ।

| दरबन्दी | मा वि | निमावि | प्रावि | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| स्थायी | १४ | १८ | १३३ | ० | १६५ |
| करार तथा राहत | ३ | १४ | ४९ | ० | ६६ |
| उमावि अनुदान | ० | ० | ० | ८ | ८ |
| बा वि के | ० | ० | ० | ५८ | ५८ |
| लेखा सहायक | ० | ० | ० | ५ | ५ |
| कार्यालय सहयोगी | ० | ० | ० | ३६ | ३६ |
| सङ्घ अनुदान | ६ | ११ | ० | ० | १७ |
| प्रदेश अनुदान | ३ | ० | ० | ० | ३ |
| स्थानीय स्रोत | १ | ० | ९ | ० | १० |
| जम्मा | २७ | ४३ | १९१ | १०७ | ३६७ |

### ६४ अनुगमन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन । यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

६५ **फाजिलका कर्मचारीलाई तलब भत्ता**

निजामती सेवा ऐन तथा नियमावलीको व्यवस्था वमोजिम निजामती सेवाको निर्धारित पदमा मात्र अधिकार प्राप्त अधिकारीले तोकिएको समयमा सरुवा गरी काम काजमा लगाउन सक्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरणअनुसार स्वास्थ्य चौकी र स्वास्थ्य एकाहरूमासमेत कुल दरबन्दी ३० रहेकोमा ३२ पदपूर्ति रहेको छ । प्राप्त विवरणअनुसार स्वीकृत दरवन्दी भन्दा बढी हुने गरी २ जना कर्मचारी सरुवा / पदस्थापना गरी वार्षिक रु ११,१४,०५४ तलब भत्तामा खर्च लेखेको देखिन्छ । पालिकाले निजामती सेवा ऐन तथा नियमावली वमोजिम कार्यालयको कार्य बोझको आधारमा संगठन संरचना तथा व्यवस्थापन (O&M) गरी कर्मचारी सरुवा / पदस्थापना गर्नुपर्ने देखिन्छ ।

| सिनं | पद तह | नाम | कार्यरत | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | सि अ हे व (छैठौँ) | समिरा ढकाल | कालिका नगर अस्पताल | ५,९२,१८८ |
| २ | सि अ हे व (पाँचौँ) | अफ्सना खातुन | कालिका नगर अस्पताल | ५,२१,८६७ |

६६ **शिक्षक विद्यार्थी अनुपात**

पालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०८० मा अध्ययरत विद्यार्थीहरू तथा कार्यरत शिक्षकहरूको विवरण देहायबमोजिम रहेको छ ।

| तह | शिक्षकसंख्या | विद्यार्थीसंख्या | शिक्षकविद्यार्थी अनुपात |
|---|---|---|---|
| प्रारम्भिकबाल विकास | ५८ | १३८१ | २४ |
| प्राथमिकतह | १८२ | ३५४२ | १९ |
| निमावि | ४३ | २००३ | ४७ |
| मावि | २६ | १०९० | ४२ |
| उमावि | ८ | ७७८ | ९७ |
| प्राविधिक धार | ४ | १३९ | ३५ |
|  | ३२१ | ८९३३ | २८ |

शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । पालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि माविसम्मका शिक्षकको संख्या ३१७ रहेकोमा बाल विकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या जम्मा ८९३३ रहेको छ । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

६७ **औषधी खरिद तथा व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको औषधिजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्न भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्दछ । सो योजना आगामी वर्षको वार्षिक कार्यक्रम तयार गर्न समयमा नै तयार गरी पेस गर्नुपर्ने र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि सोअनुसार वार्षिक खरिद योजना अद्यावधक गरी अधिकारप्राप्त अधिकारीले स्वीकृत गरी राख्नुपर्दछ । सो योजनामा औषधिजन्य मालसामान वा उपकरणको विवरण, सोको लागत अनुमान, खरिदको प्याकेज, बोलपत्रसम्बन्धी कागजातको तयारी र स्वीकृति, खरिद प्रक्रियाको समयतालिका, खरिद विधि, माध्यम, आदि उल्लेख भएको हुनुपर्दछ । पालिकाले निम्नानुसारको रु १६ लाख २६ हजार १२५ को औषधी तथा औषधीजन्य सामग्री पटक पटक सोझै खरिद गरेको छ । यस सन्दर्भमा देखिएका ब्यहोराहरू निम्न छन् ।

| गो.भौ.नं. | मिति | फर्मको नाम | जम्मा रकम | खरिद विधि |
|---|---|---|---|---|
| ३८ | २०८०-०७-०१ | क्यान्डेला मेडि कन्सर्न | ६२५६७ | सोझै |
| ३८ | २०८०-०७-०१ | हलेसी मेडिसिन सप्लायर्स | ९८३०३ | सोझै |
| ७५ | २०८०-०८-२२ | क्यान्डेला मेडि कन्सर्न | ८७८०० | सोझै |
| २३४ | २०८१-०२-२८ | जुग्गु फर्मास्युटिकल्स | ३६४२९७ | सोझै |
| २४५ | २०८१-०२-३२ | मेडिसेल्स फर्मा | १०१३१५८ | इजिपि |
| | | जम्मा | १६,२६,१२५ | |

पालिकाले औषधिजन्य मालसामान तथा उपकरणको परिमाण निर्धारण गर्नको लागि सम्बन्धित स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र लगायत अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट आगामी आर्थिक वर्षकोलागि चाहिने प्रत्येक औषधिको नाम र परिमाणको विवरण सङ्कलन गरी सबै स्वास्थ्य संस्थाहरुमा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा खपत भएको औषधि विवरणको आधारमा आगामी आर्थिक वर्षकोलागि आवश्यक पर्ने परिमाण प्रक्षेपण गरेको पाइएन । औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, अघिल्लो वर्षमा खपत भएको तथ्याङ्क यकिन गरी सो को आधारमा खरिद गर्नु पर्दछ । खरिद भएका औषधी एवम् सर्जिकल समान स्टोरमा दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए नभएको औषधिको गुणस्तर र म्याद सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै निकासा गर्दा पहिला खरिद भएको औषधी पहिलानै निकासा (FIFO)गर्ने प्रणालीबाट निकासा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६८ **न्यानो झोला**

पालिकाले सार्वजनिक खरिद ऐन तथा स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शनले तोकेको विधिअनुसार स्वास्थ्य विभाग, परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसफिकेशनको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/वितरकबाट न्यानो झोला खरिद गर्नु पर्दछ र बर्थिङ सेन्टरमा वितरण गरी सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो नयाँ लुगा लगाउने व्यवस्था मिलाउनु पर्दछ । प्रसुती भए पश्चात सम्बन्धित आमा र बच्चालाई न्यानो झोला वितरण गर्दा अनुसूची ११ बमोजिमकोभरपाईको प्रतिलिपि अभिलेखको लागि अनिवार्य रुपमा राख्नु पर्नेछ । न्यानो झोला कार्यक्रम अन्तर्गत पालिकाले १०० थान न्यानो झोला रु ३६४२९७ मा खरिद गरेको छ । पालिकाले न्यानो झोला खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान तयार गरेको पाइएन । साथै न्यानो झोला आपुर्ति भै सकेपछि पालिकाले specification अनुसार गुणस्तार भए नभएको यकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई गुणस्तर परीक्षणको प्रतिवेदन संलग्न गरेको समेत पाइएन । अघिल्लो आर्थिक वर्षमाहरूमा बर्थिङ सेन्टरहरूमा सुत्केरी सेवा लिएको सङ्ख्या तथा स्वास्थ्य संस्थाहरूबाट माग भएको आधार तथा अघिल्लो वर्षको न्यानो झोलाको मौजदात सङ्ख्या यकिन गरि आवश्यकताको आधारमा खरिद गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

| भौनं।मिति | फर्मको नाम | थान | जम्मा रकम |
|---|---|---|---|
| २३४।२०८१-०२-२८ | जुग्गु फर्मास्युटिकल्स | १०० | ३६४२९७ |

६९ **कार्यक्रम कार्यान्वयन पुस्तिका**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार शिक्षण सिकाइ सामग्री तथा व्यवस्थापनका लागि प्रति

विद्यार्थी लागत अनुदान कक्षा ९-१२ स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्न निर्णय भएका अनुसूची ११ मा उल्लिखित विद्यालयहरु तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गरी विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ अनुदान प्रति विद्यार्थी रु १५००० अनुदान दिन सकिने उल्लेख छ । पालिकाले भीमोदय माविलाइ प्रति विद्यार्थि लागतको आधारमा OJT Operation cost ब्यवस्थापन अनुदान बापतको रकम निकाशा दिँदा निम्नानुसारको संख्याको आधारमा

भुक्तानी दिएको देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसारको खर्चको मापदण्ड पालना भए नभएको सन्दर्भमा अनुगमन गरी प्रतिवेदन पेस हुनुपर्दछ ।

| गोभौनं मिति | विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान |
|---|---|---|---|
| २१५।२०८१-०२-१३ | भीमोदय मावि | १३९ | २०८५००० |

७० **लघु उद्यम विकास कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० % छुट मुल्यमा सहभागिहरुलाई बिक्रि गर्ने तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भए सम्म बिक्रि वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृहमा पठाउने र पठाउदा पनि बिक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाइ सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले राजश्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरेको निम्न तालिम कार्यक्रममा रु ७ लाख २५ हजार ६१४ र प्रविधि हस्तान्तरणमा रु २ लाख ९२ हजार २३९ गरी जम्मा रु १०१७८५३ खर्च भएको छ । तालिमबाट के कति सामान उत्पादन भएको हो सो को अभिलेख पेस भएन । निर्देशिकाअनुसार उत्पादित सामग्रीको विक्री तथा स्टोर दाखिला गरेको प्रमाण पेस गर्नुपर्दछ ।

| तालिम कार्यक्रम | अवधि | सहभागी सङ्ख्या | रकम |
|---|---|---|---|
| सिलाइ कटाइ | ४५ दिन | २४ | २५३५३३ |
| ब्युटिपार्लर | ४५ दिन | २७ | २७७५१९ |
| नेल आर्ट्स | १५ दिन | ९ | ९६१६२ |
| मेटल तथा काँचको चुरा पोते | ८ दिन | २० | ९८४०० |
| नयाँ उद्यमी सिलाइ मेसिन वितरण | १ दिन | २१ | २६६६४० |
| स्तरोन्नतीतर्फ प्रविधि हस्तान्तरण | १ दिन | १ | २५५९९ |
| | | | १०१७८५३ |

७१ **स्यानिटरी प्याड**

पालिकाले आ. व. २०८०।८१ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन गर्न ७ वटा विद्यालयहरूलाई निम्नानुसारको निकासा गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

| क्र सं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | मा. वि. रेडक्रसग्राम | ३८०१६ |
| २ | जमुनापुरमा. वि. | २७२१६ |
| ३ | पृथ्वीमा. वि. जुटपानी | १७७५५२ |
| ४ | रा.मा. वि. समिपुर | ३८०१६ |
| ५ | भीमोदयमा. वि. पदमपुर | २५६६०८ |
| ६ | चतुर्मुखीमा. वि. शक्तिखोर | १४४२८८ |
| ७ | रा.मा.वि.मझबाङ् | ३११०४ |
| | | ७१२८०० |

· सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई सार्वजनिक खरिद नियमानुसार खरिद गरेर त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले खरिद नगरी सोझै विद्यालयलाई रकम भुक्तानी गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम खरिद गरी त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।
दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाइएन । पालिकाले विद्यालयहरूमा हस्तान्तरण गरी विद्यायलयहरूले छात्राहरूलाई वितरण गरेको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रकादेहायबमोजिमका सरसफाइ र मर्मत सम्बन्धी २९ वटा योजनाहरू सञ्चालन गरी यो वर्ष रु ४३४३३३६ रकम खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

| क्र. सं. | योजनाको नाम | वडा नं | रोजगारी पाउने संख्या | जम्मा रोजगारी दिन | जम्मा ज्याला भुक्तानी |
|---|---|---|---|---|---|
| १ | गड्डुवा चिल्ड्रेन पार्क तथा विभिन्न सार्वजनिक स्थल सरसफाई कार्यक्रम। | १ | १५ | १४८ | ९८,८६४ |
| २ | १ नं. वडाको विभिन्न वन क्षेत्र र विभिन्न स्थानको नाला तथा कुलो सरसफाई तथा मर्मत । | १ | १५ | २२३ | १,४८,९६४ |
| ३ | विभिन्न सार्वजनिक स्थल सरसफाई | १ | १४ | १४० | ९३,५२० |
| ४ | विभिन्न कुलो तथा नाला सरसफाई तथा मर्मत । | २ | १४ | २९१ | १,९४,३८८ |
| ५ | विभिन्न टोलमा रहेको कुलो सरसफाई तथा मर्मत । | २ | २० | २१८ | १,४५,६२४ |
| ६ | ३ नं. वडाको सार्वजनिक स्थलको सरसफाई कार्यक्रम । | ३ | ९ | १२४ | ८२,८३२ |
| ७ | थाङखोला सतहि सिँचाई कुलो निर्माण तथा मर्मत। | ३ | ९ | २७९ | १,८६,३७२ |
| ८ | नवकिरण टोल सिँचाई कुलो सरसफाई तथा मर्मत ।- | ३ | ९ | २९७ | १,९८,३९६ |
| ९ | वडा कार्यालय परिसर,खुल्ला व्यायमशाला परिसर, पदमपुर स्वास्थ्य चौकी परिसर, प्राचिन भिमवली मन्दिर परिसर, पदमपुर पशुसेवा परिसर, लट्टेश्वर मन्दिर परिसर, खेल मैदान परिसर र त्रिरत्न गुम्बा परिसर सरसफाई कार्यक्रम । | ४ | १४ | २२४ | १,४९,६३२ |
| १० | सिर्जना चोक देखि विपी चोक सम्म र वडा कार्यालय चोक देखि दक्षिण वास्तोलाचोक सम्म सरसफाई कार्यक्रम । | ४ | १५ | १४९ | ९९,५३२ |
| ११ | वडा कार्यालय हरियाली प्रबर्द्धन | ५ | १५ | ७१ | ४७,४२८ |
| १२ | विभिन्न सार्वजनिक स्थलहरूमा सरसफाई । | ५ | २० | २७६ | १,८४,३६८ |
| १३ | वडा नं.६ भित्रका सबै कुलाहरू सफा गर्ने तथा मर्मत । | ६ | १४ | ३७१ | २,४७,८२८ |
| १४ | वडा नं.६ भित्रका सडक नाला सरसफाई तथा मर्मत । | ६ | १३ | ६२ | ४१,४१६ |
| १५ | विभिन्न टोलमा रहेको कुलो सरसफाई तथा मर्मत । | ६ | १२ | २२२ | १,४८,२९६ |
| १६ | ७ नं. वडाको विभिन्न स्थानहरूमा नाला तथा कुलो सरसफाई तथा मर्मत । | ७ | १२ | २८९ | १,९३,०५२ |
| १७ | ७ नं. वडाको विभिन्न स्थानमा रहेको कुलो तथा नाला सरसफाई तथा मर्मत । | ७ | १२ | २९६ | १,९७,७२८ |
| १८ | वडा नं.८ को विभिन्न सिँचाई कुलो/सडक नाला निर्माण ,मर्मत तथा सरसफाई । | ८ | ११ | २९० | १,९३,७२० |
| १९ | कालिका मन्दिर र सार्वजनिक स्थान सरसफाई तथा फलफुलका वोटविरूवा रोप्न खाल्टो खन्ने तथा सरसफाई । | ८ | ११ | १२० | ८०,१६० |
| २० | विभिन्न स्थानमा रहेको कुलो तथा नाला सरसफाई तथा मर्मत । | ९ | ११ | ३९३ | २,६२,५२४ |
| २१ | भण्डारी टोल नाला निर्माण । | ९ | ११ | १९८ | १,३२,२६४ |
| २२ | देउजर टोलमा बाटो नाला निर्माण | १० | ८ | १७५ | १,१६,९०० |
| २३ | केराबारी देखि तिनदोभान सम्म नाला सरसफाई तथा मर्मत । | १० | ८ | २३२ | १,५४,९७६ |
| २४ | गोरेटो बाटो निर्माण तथा मर्मत। | १० | ८ | २१६ | १,४४,२८८ |
| २५ | चित्राम झर्ना जाने बाटो सरसफाई । | ११ | १२ | २९९ | १,९९,७३२ |
| २६ | वाङ्चोन्ती बाटो निर्माण । | ११ | १२ | १३४ | ८९,५१२ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | भामवाङ गोरेटो बाटो निर्माण । | ११ | १२ | ३७२ | २,४८,४९६ |
| २८ | आधारभुत स्वास्थ्य सेवा केन्द्र मझवाङमा सुख्खा वाल निर्माण । | ११ | १२ | २९८ | १,९९,०६४ |
| २९ | मजवाङ बाटो नाला मर्मत तथा सरसफाई | ११ | १२ | ९५ | ६३,४६० |
| | कुल खर्च | | | | ४३,४३,३३६ |

७३ **सहकारी व्यवस्थापन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारीहरूले मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ ।

**सक्रिय सहकारी संस्था** : डिभिजन सहकारीबाट पालिकालाई हस्तान्तरण भएको अभिलेखको विवरण प्राप्त भएन । पालिकाले भौतिकरुपमा अनुगमन गरी सूचना सङ्कलन गरेर तयार गरेको अभिलेखअनुसार पालिकाभित्र ४६ वटा सञ्चालित सहकारी संस्था रहेकोमा १० वटा प्रदेशअन्तर्गत रहेको ६ वटा निस्क्रिय रहेको तथा ३० वटा क्रियाशील रहेको छ ।

**सूचना प्रणालीमा अभिलेख** : पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्नुपर्नेमा ९ वटा सहकारी संस्थाहरूले मात्र विवरण पेश गरेका छन् ।

**लेखापरीक्षण प्रतिवेदन** : पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन ।

प्रचलित नियमअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७४ **आयोजनाको छनोट**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८०।८१ मा २९ वटा रोजगारका आयोजना सञ्चालन गरेकोमा बाटो नाला सरसफाइ तथा मर्मत कार्यमा रु ४३ लाख ४३ हजार खर्च गरेको देखियो । ती योजनाहरूको परिमाण हाल आएर कुनै पनि नदेखिने स्थितिले कार्यान्वयन भए नभएको यकिन गर्न सकिएन । यसमा पालिकाले अनुगमन गरी छानविन गर्नुपर्दछ र आगामी वर्षहरूमा सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनौट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

७५ **सार्वजनिक सुनुवाइ**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो वीमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । पालिकाले आ. व. २०८०।८१ मा सञ्चालित २९ आयोजनाहरुको सार्वजिनक सुनुवाइ गरेको छैन । निर्देशिकाअनुसार योजनाको प्रभावकारीतासम्बन्धमा सार्वजनिक सुनुवाइ हुनुपर्दछ ।

७६ **घटीमा कार्यसम्पन्न**

सार्वजनिक खरिद नियमावलीको नियम १२४ मा सम्झौता अनुसार अन्तिम विल भुक्तानी गर्नुपर्ने तथा नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका उपभोक्ता समितिसंग सम्झौता गरेकोमा लागत अनुमान भन्दा निकै कम कार्य गरी घटीमा कार्यसम्पन्न गरेको देखियो । कार्यालयले प्रथम वा दोश्रो त्रैमासिकमा नै सम्झौता गरी समयमा नै सम्झौता अनुसार कार्य पूरा गराई मात्र भुक्तानी दिनुपर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन्।

| क्र.सं | योजनाको नाम | लागत अनुमान रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. | कार्यसम्पन्न प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कालिका सेवा समाज तथा महिला समुह भवनको कम्पाउण्ड तथा गेट निर्माण | २२७२०२.९५ | २०१४३०.८४ | १८६१७९.२६ | 88.66 |
| २ | घैराङ मोटर बाटो निर्माण | ५५९४८०.७९ | ४३११९५.८ | ४०४५४६.१४ | 77.06 |
| ३ | राष्ट्रिय आधारभुत विद्यालय लटौली फर्निचर सामाग्री खरिद तथा मर्मत | ११९७२०.५१ | ९६२९५.९६ | ८६१९३.६३ | 86.19 |
| ४ | आधारभुत विद्यालय जुटपानी मर्मत तथा रंगरोगन | ३३७४४८.४ | २८४२९२.२७ | २५२७४२.८८ | 84.25 |
| ५ | गैडाखोला चारधारे नजिक मन्दीर तारवार | २२५११२.७३ | १४५४३८.९२ | १२९२१४.३ | 64.61 |

७७ **सार्वजनिक परिक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको एकिन हुन सकिएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

७८ **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्नेअभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन । कार्यालयले यो वर्ष कन्टिन्जेन्सी तर्फ रु. १८४८५६० खर्च गरेकोविवरण पेश गरेको छ । पालिकाले गरेको कन्टिन्जेन्सी खर्चको विवरण खर्च शिर्षक अनुसार राख्नुपर्नेमा सो अनुसार कुन खर्च शिर्षक वा कुन कार्यमा कति खर्च भएको हो भन्ने अवस्था छैन । पालिकाले विभिन्न बजेट शिर्षकमा कन्टिन्जेन्सी खर्च गर्दा अभिलेख नराखेकोले तोकिएको भन्दा बढी समेत हुन सक्ने देखिन्छ ।कन्टिन्जेन्सी खर्च विवरण नराखी अव्यवस्थित रुपले खर्च गरेकोमा कार्यालयले बजेट प्रतिफल प्राप्त नहुने किसिमले खर्च गरेकोमा खर्च गर्ने सम्बन्धित व्यक्ति जिम्मेवार हुनुपर्दछ ।चालु प्रकृतिका कार्यहरु चालु शिर्षकमा बजेट व्यवस्था भएकोमा कन्टिन्जेन्सी तर्फ चालु खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। तसर्थ सम्बन्धि निकायले यसको कार्यविधि बनाई खर्च गर्ने गराउने तथा आन्तरिक नियन्त्रण गरी मितव्यियता कायम हुने गरेर मात्र खर्च गर्नुपर्दछ ।

७९ **ढुंगा घटी परिमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत काम रेखदेख गरी निर्माणकार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा ढुंगा खरिद गरि ल्याएको बिल पेश गरि सो सार्वजनिक गरेको अवस्थामा समेत सुपर भाईजर वेगर बढी ढुंगा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले ढुंगाको रोयल्टी वापतको प्रति घन मिटर ३५८.८७ का दरले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | निर्माणव्यवसायी/उपभोक्ता समिति | कार्यसम्पन्नअनुसार परिमाण | बिलअनुसार परिमाण | फरक | दर | फरकरु. |
|---|---|---|---|---|---|---|
| २२९। २०८१।१। १२ | टुमती कल्भर्ड निर्माण | ९१ | ७२ | १९ | ३५८.८७ | ६८१९ |
| २९९। २०८१।२। १३ | सगुन सिचाई कुलो निर्माण | ४९ | २८ | २१ | ३५८.८७ | ७५३६ |
| ४४४। २०८१।३। १९ | समिपुर विद्यालय अगाडी स्यालब तथा कुलो लाइनिङ्ग निर्माण | ३० | ० | ३० | ३५८.८७ | १०७६६ |
| ४८१। २०८१।३। २३ | सिन्ती झरना पूर्वाधार विकास | १२५ | ४८ | ७७ | ३५८.८७ | २७६३३ |
| ४६२।२०१। ३।२१ | नान्दार बाटो स्तरोन्नती | १३ | ० | १३ | ३५८.८७ | ४६६५ |
| ३८४। २०८१।३। ११ | चिसापानीझोलुङ्गे पुलदेखि कालिका पुलस्ममा आवश्यक ठाउँमा विग बोल्डर तटबन्धन निर्माण | १७९७.०० | १५१५.०० | २८२ | ३५८.८७ | ५०६०१ |
| जम्मा | | | | | | १०८०२० |
| | | | | | असुल गर्नुपर्ने | १,०८,०२० |

८० **परामर्शः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने साथै नर्म्सहरुको प्रयोग गर्दा मितव्ययिता कायम गर्नेतर्फ समेत विचार गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष देहायबमोजिमको कार्य परामर्शदाताबाट गराईरु. २५५७१६३ भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् ।

| भौ.नं | कार्यकोविवरण | परामर्शदाता | लागत अनुमान रु. | सम्झौता रु. | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ४७५। २०८१।३। २३ | प्रशासकिय भवनको आन्तरिक कार्यकक्ष सजावट तथा व्यवस्थापन सम्बन्धीडिपिआर | रिप्पल ट्रेनिङ्ग एण्ड कन्सल्टिङ् सर्भिसेज प्रा.लि | ४००३८४ | ३९८०९९ | ३९८०९९ |
| ५०२। २०८१।३। २४ | प्रशासकीय भवनमा ल्याण्डस्पेकिङ्ग कार्यको परामर्श सेवा | क्याड इञ्जिनियरिङ्ग कन्सल्टेन्सी | १९७२६५ | १९४३६० | १९४३६० |
| ५१०। २०८१।३। २४ | नमुना खानेपानी डिपिआर | निमा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४८४९४१ | ४८२६८१ | ४८२६८१ |
| ३६५। २०८१।३।६ | बहुउद्वेश्यीय भवन कालिका न.पा को डिपिआर | ग्रिन कर्णाली कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि. | ४९९०३० | ४९७२०० | ४९७२०० |
| ५१५। २०८१।३। २४ | कालिका नगर स्तरीय सिटी हल | इम्पेरिकल इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.लि | ४९९९३० | ४९१५५० | ४९१५५० |
| ३५।२०८०। ४।२५ | खगेरीपुलदेखि गडुवा चोकसम्म सडक निर्माणका लागि डिपिआर | इन्टरपेशइन्जियरिङ्ग प्रा.लि | ४९९४०९ | ४९३२७३ | ४९३२७३ |
| जम्मा | | | | | **२५५७१६** |

क. परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी भुक्तानी दिनुपर्नेमा विज्ञहरु तथा अन्य कर्मचारीको TIME Sheet वेगर भुक्तानी गरेको सम्झौता विपरित देखिएकोले सम्झौता अनुसारका सोही विज्ञहरु तथा संलग्न कर्मचारी फिल्डमा कार्य गरेको एकीन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।

ख. सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी गरी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्नुमा सो गरेको पाइएन । साथै लागत अनुमानको आधार नभएको र सबै योजना कार्यान्वयनमा पनि नगएकोले परामर्श खर्चको नियन्त्रणमा पालिकाले ध्यान दिएको पाइएन ।

ग. Inspection report र ड्राफ्ट प्रतिवेदन माथि छलफल भै पालिकाको सुझाव बमोजिम अन्तिम प्रतिवेदन तयार गरेको खुल्ने कागजात स्रेस्तासाथ राखेको देखिएन। विगतमा यस्तो प्रकृतिको कार्य भए नभएको यकिन नगरी परामर्शको कार्य गराउने तर परामर्श बमोजिम अर्को बर्ष सो कार्यलाई मुर्त रुप नगराएको कार्यबाट परामर्श सेवा केवल खर्च गर्ने मनसायले मात्र हुन पुग्दछ । त्यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

८१ **उपभोक्ताको अंश घटी कट्टी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्को बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र कार्यालयले व्यहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले उपभोक्तासमिति मार्फत सञ्चालन भएका योजनाहरुको सम्झौता गर्दा तोकिएको जनसहभागिताको अंश घटी हुने गरी सम्झौता गरेको र निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| भौ.नं. | योजना | बिनियोजित बजेट रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी भएको रु. | भुक्तानी हुनुपर्ने रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|
| १८६। २०८०। १२।१२ | मोत्राङ्ग मोटर बाटो नाली निर्माण तथा स्तरोन्नती | १५००००० | १६३०३०७ | १६२४११९ | १४५६००० | १४२९११९ | २६८८१ |
| २७२। २०८१। २।१ | सुर्यपुर गुम्बा, समिपुर स्कुल हुदै बडर घोल सम्म पक्की कुलो निर्माण | १०००००० | १०७३६८९ | १०७२४५० | ९६८७७६ | ९४२४५० | २६३२६ |
| २८९। २८१।२। ८ | गैरीबारी झरना पुर्वाधार विकास | १०००००० | १०७८७८४ | १०८२३७६ | ९७०००० | ९४८७८४ | २१२१६ |
| २९९। २०८१। २।१३ | सगुन सिचाई कुलो निर्माण | १५००००० | १६३३१९८ | १६३३४१५ | १४५५००० | १४३८१९८ | १६८०२ |
| ३७८। २०८१। ३।१० | किसान जलसिचाइ, मिलिजुली डिपवोरिङ्, पिपरिया भुमिगत जल सिचाई योजनाको चेम्बर निर्माण सहित पाइप लाइन विस्तार | १०००००० | १०७९०३७ | १०९४३०५ | ९७०००० | ९४९०३७ | २०९६३ |
| ३८४। २०८१। ३।११ | चिसापनी झोलङ्गे पुलदेखि कालिका पुलसम्म आवश्यक ठाउँमा विग बोल्डर तटबन्धन | २०००००० | २१५९७७५ | २१५३९१८ | १९५०००० | १८९३९१८ | ५६०८२ |
| ३८५। २०८१। ३।१२ | पदमपुर बजार क्षेत्र मोजायक टायल नेवा हार्डवेयर देखि विपी चोक | २५००००० | २६८७८८५ | २६८५३३९ | २४२२७०३ | २३६०३३९ | ६२३६४ |
| ४०८। २०८१। ३।१४ | देउजरको स्यावङ्ग देखि चित्राम झरना तर्फ मोटरबाटो | १०००००० | १०७८१९९ | १०७६८०१ | १०००००० | ९४६८०१ | ५३१९९ |
| ४८१। २०८१। ३।२३ | सिन्ती झरना पूर्वाधार विकास | १५००००० | १६१७३९५ | १६१८७२५ | १४५५००० | १४२२३९५ | ३२६०५ |
| ४९०। २०८१। ३।२३ | कालिका मन्दिर पूर्वाधार निर्माण | १५००००० | १६१७६०३ | १५८०८६५ | १४२१९५४ | १३८५८६५ | ३६०८९ |
| जम्मा | | | | | | | ३५२५२७ |

| असुल गर्नुपर्ने | ३,५२,५२७ |
|---|---|

८२ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्नेव्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुक्र्याएर गरेको पाइयो ।यस सम्बन्धमा छलफल हुँदा कार्यालयले योजनाहरु अलग अलग रहेको र फरक स्थानलमा रहेकोले छुट्टाछुट्टै सञ्चालन गरिएको जनाएको छ। यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी खुला कोटेशनको माध्यमवाट पटक पटक खरिद गर्ने कार्य नियमसम्मत देखिएन ।

| भौ.नं. | योजना | निर्माणव्यवसायी | लागत अनुमान रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|---|
| २०३।२०८०।१२।२१ | वडाकार्यालय भवन व्यवस्थापन | करुणा निर्माण सेवा | ८६४१३२ | ८२७१६५ | ८१४९०६ |
| १३६।२०८०।११।४ | प्रशासकीयभवनमा बोरिङ्ग निर्माण | आर.जे. ड्रिलिङ्ग कन्स्ट्रक्सन प्रा.लि. | ८६९८११ | ८६०४७८ | ८६०४७८ |
| १०७।२०८०।१०।४ | सिंहनाथ गणमाहेलिप्याड निर्माण | नरगङ्गाइन्जिनिरयरीङ्ग सोलुसन प्रा.लि. | ३८३५६२ | ३७७७२ | ३७७१९६ |
| जम्मा | | | | | २०५२५८० |

८३ **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा आईटम अनुसार प्रत्येक आईटमको दर विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ । कार्यालयले निर्माण उपभोक्ता समितिलाईविभिन्न आईटमको दर विश्लेषणमा तोकिएको दर भन्दा बदी दरमा भुक्तानी गरेको देखियो । यसरी बढी दरले भुक्तानी भएका देहायबमोजिम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| भौ.नं | योजना | आइटम | परिमाण | भक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी भुक्तानी दर | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| ११७। २०८०। १०।१६ | होम बहादुर भण्डारीको घर देखि शान्तीचोक सम्म एक तर्फी सडक नाला निर्माण | Pcc 1:2:4 | ११.४६ | १२४४० | ११११५० | १२९० | १४७८३ |
| १२२। २०८०। १०।१७ | ढुण्डीराज लोहनीको घर छेउमा कल्भर्ट विस्तार | Pcc 1:3:6 | १.७६ | १०८४९ | ८८३० | २०१९ | ३५५३ |
| | | RCC 1:1.5;3 | ४.८८ | १४२८७ | १२१०५ | २१८२ | १०६४८ |
| १२५। २०८०। १०।२१ | प्रेम दोङ्गो घर अगाडीको कुलो लाईनिङ्ग | Pcc 1:3:6 | ६.६७ | १०४३३ | ८८३० | १६०३ | १०६९२ |
| | | Brick masonary 1:6 | ७.९७ | १५३३७ | १५१०५ | २३२ | १८४९ |
| १५५। २०८०। ११।२० | सिद्धि बिनायक बोर्डिङ् स्कुल नजिक खोलेसिमल कुलो लाइनिङ्ग | Pcc 1:3:6 | ५.७४ | १०४३३ | ८८३० | १६०३ | ९२०१ |
| २०६। २०८०। १२।२८ | खोलेसिमल रेडक्रम भवन छेउ थापा कान्छाको घरबाट प्रहरी बिट जाने बाटोमा मोज्याक टायल | Pcc 1:3:6 | २.०५ | १०८०० | ८८३० | १९७० | ४०३९ |
| | | Pcc 1:2:4 | १९.७७ | १२२७६ | ११११५० | ११२६ | २२२६१ |
| | | RCC 1:1.5;3 | ३.५३ | १३४०१ | १२१०५ | १२९६ | ४५७५ |
| ३८८। २०८१।३। १२ | भुयरथान पुर्वाधार निर्माण | Reinforcement | ४९८.०० | १४८.३४ | १३४.२९ | १४.०५ | ६९९७ |
| ४२५। २०८१।३। १७ | भिमवली पार्क पुर्वाधिर निर्माण | Pcc 1:3:6 | ९.२० | १०८४९ | ८८३० | २०१९ | १८५७५ |
| ४८०। २०८१।३। २३ | उदयपुर सामुदायिक पार्क पर्यटन पूर्वाधार साझेदारी | Pcc 1:3:6 | २.७१ | १०८४९ | ८८३० | २०१९ | ५४७१ |
| | | RCC 1:1.5;3 | १०.१३ | १४२८७ | १२१०५ | २१८२ | २२१०४ |
| ९।२०८०। ४।१६ | भिमोदय मा.वि भवन निर्माण | Plaster 1:4 | ३८२.१८ | ३६८.८९ | ३५४.२९ | १४.६०० | ५५८० |
| | | RCC 1:1.5;3 | ९१.८४ | १४२८२.८७ | १३७८०.८१ | ५०२.०६ | ४६१०९ |
| ११। २०८०।४। १६ | टोल विकास संस्थाहरुमा चोक नामाङ्कन तथा सिमन्ट एरो निर्माण | Pcc 1:3:6 | ९.७२ | १०६८२ | ९१९९ | १४८३.०० | १४४१५ |
| जम्मा | | | | | | | २००८५२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,८५२ |

## ८४ ट्याक कोट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – table BITUMINOUS SURFACE AND BASE COURSE मा Table 13.10 Rate of application of Tack Coat, Granular surfaces treated with Primes को Rates of Spray 0.50 to 0.60 kg/sq m हुने उल्लेख छ । पालिकाले देहायबमोजिमका

Granular surfaces treated with Primes कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी भुक्तानी गरेकोले बढी रकम देहायका निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ८४.१ | जय भगवती निर्माण सेवा | ८६,६१५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२०,६७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२३,३०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **५१,०७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३४,३५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **५२,९१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **१२,७९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२३,७२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **२३,१९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१४** को निर्णयले रू **३१,९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ८४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,६१५ |

८५ **सिमेन्ट घटी परिमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत काम रेखदेख गरी निर्माणकार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा सिमेन्ट खरिद गरी ल्याएको बिल पेश गरी सार्वजनिक गरेको अवस्थामा समेत बढी सिमेन्ट प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले सिमेन्टको प्रति बोरा रु. ७०० का दरले मुल्य अभिवृद्धि कर सहित देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. | निर्माण व्यवसायी/उपभोक्ता समिति | कार्यसम्पन्न अनुसार परिमाण | बिल अनुसार परिमाण | फरक | दर | फरक रु. |
|---|---|---|---|---|---|---|
| २६०।१०८१।१। २६ | भण्डारी टोल नाला निर्माण | ४५६ | ३३० | १२६ | ७०० | ९९६६६ |
| ६।२०८०।४।१६ | कृषि उत्पादन बृद्धिको लागि सिचाई कार्यक्रम सतह सिँचाई | ९५७ | ६३३ | ३२४ | ७३० | २६७२६८ |
| जम्मा | | | | | | ३६६९३४ |
| | | | | | असुल गर्नुपर्ने | ३,६६,९३४ |

८६ **गुणस्तर परिक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

८७ **ग्राभेल घटी परिमाण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर राख्ने र आफैंले समेत काम रेखदेख गरी निर्माणकार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । तर पालिकाले देहायको निर्माणमा उपभोक्ताले न्यून परिमाणमा ग्राभेल खरिद गरी ल्याएको बिल पेश भएको र सो खर्च सार्वजनिक गरेको अवस्थामा समेत बढी ग्राभेल प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले पालिकाले निर्धारण गरेको ग्राभेलको प्रति घ.मि रु. ६५० का दरले देहायको रकम असुल गर्नुपर्ने रु

| भौ.नं. | निर्माणव्यवसायी/उपभोक्ता समिति | कार्यसम्पन्नअनुसार परिमाण घमि | बिल अनुसार परिमाण घमि | फरक (घमि) | दर | फरक रु. |
|---|---|---|---|---|---|---|
| १४८।२०८०।११। १७ | चेतनाटोल सडक ग्राभेल | ३२६ | २६० | ६६ | ६५० | ४२९०० |
| १६४।२०८०।१२।२ | मिश्राचोकदेखि नमुना टोलसम्म सडक निर्माण | ८३ | ६२ | २१ | ६५० | १३६५० |
| २४२।२०८१।१।१८ | मुनलाइटस्कुल देखि झण्डी टोल सम्म उच्चस्तरीय ग्रावेल | ६४९ | ५०८ | १४१ | ६५० | ९१६५० |
| ४४५।२०८१।३।१९ | वडाभित्रको विभिन्न पूर्वाधार निर्माण | २३९ | २२० | १९ | ६५० | १२३५० |
| जम्मा | | | | | | १६०५५० |
| | | | | | असुल गर्नुपर्ने | १,६०,५५० |

८८ **बढी परिमाण नापी गरी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१२,४००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **६१,५१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८९ **सम्झौता अनुसार काम नगरेको**

सार्वजनिक खरिद नियमावलीको नियम १२४ मा सम्झौता अनुसार अन्तिम विल भुक्तानी गर्नुपर्ने तथा नियम १२५ मा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयये ठे.नं 035/works/NCB/KM/077/078, बाटो नं ४ तुलसी चौधरीको घर देखि उत्तर पदमपुर सामुदायिक वन सम्म कालोपत्रे कार्यका लागि रु. ११६७६५४० (मु.अ.कर सहित) को लागत अनुमान तयार गरी वोलपत्र आह्वान गरेकोमा पेश भएका ६ मध्ये सबैभन्दा घटि रकम रु ८६१३८७२ (२६.२३ प्रतिशत घटी) कवोलवाला निर्माण व्यवसायी श्री सैयन कन्स्ट्रक्सनसँग मिति २०७८।२।१८ मा संझौता भई म्याद थप भई कार्यसम्पन्न गर्ने अवधि २०७९।१२।३० रहेकोमा २०८०।३।२० मा कार्यसम्पन्न वापत रु. ७९१३३१० भुक्तानी भएको देखिन्छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा १२४० मि सडकमम कालोपत्रे गर्ने गरी लागत अनुमान तयार गरेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार ११२० मि. सडकमा मात्र कालोपत्रे गरेको देखिन्छ । साथै लागत अनुमान तयार गर्दा चेनेज समेत नखुलाएकोले कुन खण्डमा काम बाँकी रहेको समेत एकिन हुन सकिएन । पालिकाले निर्माण कार्यको सम्झौता अनुसार कार्य पूरा गराई मात्र भुक्तानी दिनुपर्दछ ।

९० **जनसहभागिता नभएका योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वियन गर्दा अधिकाशं योजनामा कम्तिमा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । पालिकाले देहायका योजनामा कार्यपालिकाको निर्णय बमोजिम उपभोक्ता समिति मार्फत जनसहभागिता नजुटाई सञ्चालन गरेको देखिएकोले जनसहभागिता नभएको रु. २१८५५२ अनियमित देखिएको रु

| भौ.नं. | योजना | खर्च रु. | हुनुपर्ने जनश्रमदान रु. |
|---|---|---|---|
| ३१।२०८०।४।११ | थाङ्गखोला बुङ्गखोला व्यवस्थापन | २१८५५२३ | २१८५५२ |
| | जम्मा | २१८५५२३ | |

| | |
|---|---|
| अनियमित भएको | २,१८,५५२ |

९१ **निर्माण व्यवसायी मार्फत कार्य गराएको :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायी मार्फत काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको जे.सि.वि विल र जे.सी.बि को इन्धन खर्चको बिल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको विजक र इन्धन खर्च राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान

रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेकोले नियमसम्मत देखिएन ।

| भौ.नं. | योजना | सम्झौतारु | कार्यसम्पन्नरु. | भुक्तानीरु. | निर्माणव्यवसायी र इन्धनको बिल रु. |
|---|---|---|---|---|---|
| ३२३।२०८१।२।२४ | गौरीवारीदेखि शेरवास जाने बाटो मर्मत | ५५७५८९ | ५४५३६७ | ५००००० | ५५६४८९ |
| ४०१।२०८१।३।१४ | शान्तोवाङ्पाइमाराङ् मोटरबाटो निर्माण | ४४०३४० | ४३३३०७ | ४१९०२५ | ४३९४९२ |
| ४१७।२०८१।३।१६ | तिनदोभानदेखि वाङ्सिराङ् पाराङ् हुदै छेरवाङ् बाटो निर्माण | ६११३१४ | ६०४६८४ | ५४४०६० | ६०८४३० |
| ४२०।२०८१।३।१७ | पाइमाराङ्गसन्तोवाङ्ग बाटो निमाण तथा स्तरोन्नती | ३३३५५४ | ३२६२७० | २९३१२१ | ३२७१२८ |
| ४२७।२०८१।३।१८ | कोसरडाँडा सडक निर्माण कार्य | ११२४०० | १०९९४१ | १००००० | १५६१०० |
| १९।२०८०।४।१६ | देउजरपुरानो बाटो ट्रयाक खोल्ने | १११५५५५ | १०२५२२० | ९६४९०० | १०४९३४४ |
| | जम्मा | | | २८२११०६ | |

९२ **अधुरो ठेक्का**

पालिकाबाट निर्माण कार्य संग सम्बन्धित गत विगतका अधुरा ठेक्काको विवरण माग गरिएको मा ढोकुन थार्वालिङ गुम्बा विगतदेखि नै सञ्चालन नभई अलपत्र परेको अवस्थामा रहेको छ। सो योजनाको लागत रु ४६०४४५४२ रहेकोमा भौतिक प्रगति ५० % रहेको तथा मूल्य समायोजन समेतको हालसम्मको जम्मा भुक्तानी रु २६२५७४९२ रहेको विवरणबाट देखिन्छ । सो कार्यको लागि रकम विनियोजन समेत नहुने अवस्थाले लक्ष्य प्राप्त हुने सक्ने देखिदैन ।

९३ **खरिदमा सम्झौता कार्यान्वयनको अवस्थाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालयले खरिद सम्झौता भएपछि सम्बन्धित निर्माण व्यवसायीसंग आवश्यकतानुसार पोष्ट बिड कन्फ्रेन्स गर्नुपर्ने मा नगरेको, सम्झौता कार्यान्वयनको कार्ययोजना र कार्यतालिका पालना नगराएको, सम्झौता प्रशासन कार्य योजना अनुसार खरिद सम्झौताको कार्य योजनाको प्रगति अनुगमन, गुणस्तर पक्षको निरीक्षण र परीक्षण नगराएको, निर्माण व्यवसायीलाई निर्माण कार्यस्थल सुम्पने कार्य, बजेट र लागत लेखा (कस्ट एकाउन्टीङ्ग) को पक्ष लगायत सम्झौता कार्यान्वयनको वित्तीय व्यवस्थापन पक्षको व्यवस्थापन नगरेको र सम्झौता कार्यान्वयनको आवधिक प्रतिदन एक तहमाथीको अधिकारी समक्ष पेश गर्ने कार्य प्रभावकारी रुपमा गरेको देखिएन। तसर्थ यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

९४ **चेनेज नखुलेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उप नियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस बर्ष कार्यालयले संचालन गरेका कुनै पनि सडक निर्माण तथा Structure हरुको कार्य गराउदा चेनेज उल्लेख गरेको छैन । केहि योजनामा चेनेज उल्लेख गरेको भएता पनि शुरु प्वाइन्ट (0+000) कुन स्थान हो सो खुलाएको छैन, जसले गर्दा विगत वर्षहरुमा सोही सडकमा कार्य गरेको हुन सक्ने र दोहोर समेत पर्न सक्ने देखियो । अतः कार्यालयले सडकहरुमा कार्य गर्दा चेनेज उल्लेख गरी कार्य गर्नु पर्दछ । साथै सडक कार्यको नापजाँच गर्दा २० देखि ३० रनिङ मिटरमा एकपटक नापी लिएको पाइयो

। यसरी निर्माण कार्यको विस्तृत रुपमा चेनेज खुलाएर प्राविधिक मूल्याङ्कन नगरी एक मुष्ठ लम्पसम लम्बाई, चौडाई तथा उचाई उल्लेख गरी प्राविधिक मूल्याकन गरेको हुँदा प्राविधिकबाट फिल्डमा गएर निर्माण कार्यको नापजाँच भएको भनि यकिन गर्न सकिएन। नमुना परिक्षणबाट देहायअनुसारका निर्माण कार्यको फाइल परिक्षण गरिएकोमा चेनेज खुलाई प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं. | योजना | सम्झौता रु. | कार्यसम्पन्न रु. | भुक्तानी रु. |
|---|---|---|---|---|
| ३६६।२०८१।३।६ | वडाभित्रका विभिन्न बाटोहरुमा ग्राभेल | ६७३२९० | ६७२२८२ | ५९८०५६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९८,०५६ |

९५ **कृषक समुह/संस्था/कृषकलाई अनुदान**

सार्वजनिक खरिद ऐन नियममा सार्वजनिक खरिद सम्बन्धी व्यवस्था गरेको र अनुदान परीचालन सम्बन्धी संघीय र प्रदेशका कानुनमा विभिन्न व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पुँजीगत बजेटमा देहायबमोजिमका कृषि तथा पशु कार्यक्रमहरु तर्जुमा गरी पालिकामार्फत तथा विभिन्न समुहसंस्था र कृषकहरुलाई बिउउपकरण, पूर्वाधार निर्माण लगायतका शीर्षकमा अनुदान वितरण गरेकोविवरण पेश गरेकोमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् ।

| रकम रु. हजारमा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमको नाम | लाभान्वित संख्या | बिनियोजित बजेट (रु हजारमा) | खर्च(रु हजारमा) |
| १ | पशुपंक्षि को आहारादानाको उत्पादनको लागि कम्बाइन मिल वितरण | ८ जना कृषक | ३०० | २७५ |
| २ | पशु उत्पादकत्व वृद्धिगराउने खालको घाँसको विउ बिजन र विरुवा उपलब्धताको लागि कार्यक्रम | करिब १२०० जना नगरभित्रका कृषक | १००० | ८०० |
| ३ | च्यापकटर वितरणकार्यविधि अनुसार छनौट भएका किसान हरुको लागी | ७ जना कृषक | ३०० | २९६ |
| ४ | सुत्केरी गर्भवतीबंगुरलाई फिड सप्लिमेन्ट | नगर भित्रका बंगुरपालककृषक | १०० | ९९.३८ |
| ५ | पशुप्रजनकोलागि आबश्यक मिनिरल तथा टोनिक फिड सफ्लीमेन्ट गर्न आवश्यक वस्तु खरिद | करिब५० जना कृषक | १०० | ९९.०८ |
| ६ | आकाश्मिकपशु उपचारात्मक सेवा | करिब२५०० पशु | ३०० | २६७. |
| ७ | बाख्राकोखोर सुधार कार्यक्रममा अनुदान कार्यक्रम निरन्तरता | ३ जना कृषक | २०० | १५० |
| ८ | ह्विलव्यारो बितरण | २० जना कृषक | १०० | ८० |
| ९ | गाइभैसि गोठ सुधार | १४ जनाकृषक | १००० | ९४३ |
| १० | नश्लसुधार कार्यक्रम प्रजनन जन्य उन्नत ब्याडे बोका वितरण तथा हस्तान्तरण | ६ जना कृषक | ५०० | ४७२ |
| ११ | पशुउपचारात्मक सेवाकोलागि उपकरण खरिद | | १०० | ९९.२४ |
| १२ | मत्स्य विकासकार्यक्रम | १जना कृषक | २०० | २०० |
| | जम्मा | | २४०० | |

(क) **अनुदानको उपयोग**: सरकारी अनुदान रकमको वितरणसदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि भए/नभएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरेर मात्र वितरण गर्नुपर्दछ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप

अनुदानको सदुपयोग भएको सम्बन्धमा अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । विगत वर्षहरूमा दिएको अनुदानको अभिलेख र अनुगमन गरी प्रतिवेदन राखेको समेत पाइएन । अनुदानको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघप्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

(ख) **गुणस्तरपरीक्षण** सार्वजनिक खरिद नियमावली२०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेनिरीक्षण वा परीक्षण गर्ने निकायअधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेत्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नामस्पेसिफिकेशननिरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

**अन्य व्यहोराहरु**: कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ । आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।कृषि सामाग्रीहरु,पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो। कार्यक्रममा निरन्तरता भएकोमासार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशकोपशु विमा नगराएको देखियो।अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

९६ **ठेक्का प्रतिस्पर्धा अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली,, २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउने व्यवस्था रहेको छ । त्यसै गरी सोही ऐन,को दफा २६(६) मा कुनै बोलपत्रदाताले आपासमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने संभावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ।पालिकाले यस वर्ष देहायबमोजिमका योजना बोलपत्र मार्फत सम्झौता गरी सञ्चालन गरेकोमा लागत अनुमानको तुलनामा न्यूनतम २.४७ प्रतिशत सम्म घटी कबोल अंकमा ठेक्का सम्झौता भएको देखिएकोले खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी प्रतिस्पर्धाका बाधा अबरोध पहिचान गरेर निराकरण गरी मितव्ययी र गुणस्तरीय समेत हुने गरी खरिद सम्झौता गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

| ठेक्का नं | निर्माण व्यवसायी | कामको विवरण | लागत अनुमान रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. | घटी % |
|---|---|---|---|---|---|---|
| 02/Works/NCB/KM/080/81 | मिरर नेपाल कन्ट्रक्सन प्रा .लि ,भरतपुर ११ चितवन | कालिका न.पा. वडा नं. ५ मा विभिन्न सडक निर्माण | ६२३५०१४ | ६०८१२७२ | ६०४८५९७ | २.४७ |
| 08/Works/NCB/KM/080/81 | नवयु निर्माण सेवा ,जुटपानी,चितवन,नेपाल | साना किकास सहकारी चोक देखि विह्वर ह्याचरी सम्म बाटो कालोपत्रे | ५७४६६०० | ५३७७६०६ | ५३२९१५१ | ६.४२ |
| 10/Works/NCB/KM/080/81 | नवयु निर्माण सेवा ,जुटपानी,चितवन,नेपाल | चतुर्मुखी सा.व.उ.स हुदै खुकुरी चोक देखि पुर्व बुद्ध चोक सम्म कालोपत्रे | ५५३६३७३ | ५३३३१८२ | ५३०४५४२ | ३.६७ |
| 11/Works/NCB/KM/080/81 | नवयु निर्माण सेवा ,जुटपानी,चितवन,नेपाल | कालिका न.पा. वडा नं. ६ मा विभिन्न सडक निर्माण | ४७३४१११ | ४४३७५७१ | ३७५४८२९ | ६.२६ |
| 16/Works/NCB/KM/080/81 | नवयु निर्माण सेवा ,जुटपानी,चितवन,नेपाल | पृथ्वी मावि तर्फबाट बुद्धि प्रसाद तिवारीको बाटो कालोपत्रे | ३२५२२९९ | ३०५२९८० | ३०४४३२२ | ६.२० |

९७ **अजिङ्गरे खोलाको दुई स्थानमा आ.सि.सि स्लाब कल्भर्ट निर्माण 07/works/NCB/KM/080/081**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ मा अन्तिम भूक्तानी गर्दा कार्य स्वीकार प्रतिवेदन पेश हुनु पर्ने र त्रुटि सच्चाउने अवधि भित्र सम्बन्धीत निर्माण व्यवसायीले त्रुटि नसच्चाएमा रिटेन्सन मनि वा जमानत रकम प्रयोग गरि त्रुटि सच्चाउन सकिने व्यवस्था छ ।कार्यालयले ठे.नं07/works/NCB/KM/080/081, अजिङ्गरे खोलाको दुई स्थानमा आ.सि.सि स्लाब कल्भर्ट निर्माणकार्यका लागि रु. ५४३८७०३ (मु.अ.कर सहित) को लागत अनुमान तयारगरी वोलपत्र आह्वान गरेकोमा पेश भएका ३ मध्ये सबैभन्दा घटि रकम रु. ३६३७६२७ (३३.१२ प्रतिशत घटी)कवोलवाला निर्माण व्यवसायी श्री लट्रामेश्वर महादेव निर्माण सेवा सँग मिति २०८०।९।१७ मा संझौता भई कार्यसम्पन्न गर्ने अवधि २०८१।०२।३२ रहेकोमा २०८१।१।५ मा कार्यसम्पन्न भई रु. ३४४५१११ भुक्तानी भएको देखिन्छ । निर्माण कार्यका लागि कार्यालयले १३८२ वर्ग मि जालीमा २५९ घ.मि. ढुंगा भर्ने कामका लागि लागत अनुमान तयार गरेकोमा कार्यसम्पन्न अनुसार १२४६ वर्ग मि. जालीमा १५५ घ.मि. मात्र ढुंगा भरेको देखिन्छ । यस सम्बन्धमा कार्यालयले पुरानो संरचनामा रहेको ७८ घ.मि ढुंगा प्रयोग गरे सोहि अनुसार ढुंगाको मुल्यांकन गरी कार्यालयले भुक्तानी गरेको छ । लागत अनुमानको तयार गर्दा ढुंगा उपलब्धता हुनुसक्ने अवस्थालाई आकलन नगरी लागत अनुमान तयार गरेकोमा सम्बन्धितलाई जिम्मेवार गराउनुपर्दछ । साथै स्थलगत अवलोकनको क्रममा अजिंगरे खोलाको Downstream out off मा लगाईएको जाली र Downstream तर्फ Left Bank मा लगाईएको जाली कोल्टीएको देखिन्छ । कार्यालयले मिति २०८१।५।१९ मा निर्माण व्यवसायीलाई मर्मतका लागि पत्राचार गरेकोमा हालसम्म कुनै प्रगति भएको देखिएन ।यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ । त्रुटि सच्याउने अवधिमा मर्मत गराउनु पर्दछ।

९८ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्ने र लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा

सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन पर्नेमा सो अनुसार भएको देखिएन । यस सम्बन्धमा केही उदाहरण देहायनुसार छन्।

| भौ.नं. | योजना | सम्झौता रु | कार्यसम्पन्न रु. | उ.स. लाई भुक्तानी रु. |
|---|---|---|---|---|
| ११९।२०८०।१०।१७ | वडा भित्रका विभिन्न बाटो मर्मत उपभोक्ता समिति | ४४५७७० | ४४९०९८ | ४००००० |
| १५३।२०८०।११।२० | वडा नं ११ का विभिन्न टोलहरका बाटोहरु सरसफाइ तथा स्तरोन्नती | १६८४५९२ | १६६५१९२ | १५००००० |
| १६३।२०८०।१२।१ | वडा नं १० को विभिन्न बाटोहरु सरसफाइ तथा स्तरोन्नती | ६७१६६५ | ६५७४०७ | ६००००० |
| १६४।२०८०।१२।२ | मिश्र चोकदेखि नमुना टोलसम्म सडक बाटो मर्मत | २३८८६७ | २४०५८७ | २१४००० |
| ३२३।२०८१।२।२४ | गौरीवारी देखि शेरवास जाने बाटो मर्मत | ५५७५८९ | ५४५३६७ | ५००००० |
| ३२८।२०८१।२।२७ | दप्लिङ् सिचाई निर्माण तथा मर्मत | | | |
| ४०१।२०८१।३।१४ | शान्तोवाङ् पाइमाराङ् मोटरबाटो निर्माण | ४४०३४० | ४३३३०७ | ४१९०२५ |
| ४१७।२०८१।३।१६ | तिनदोभान देखि वाङ्सिराङ् पाराङ् हुदै छेरवाङ् बाटो निर्माण | ६११३१४ | ६०४६८४ | ५४४०६० |
| ४२०।२०८१।३।१७ | पाइमाराङ्ग सन्तोवाङ्ग बाटो निमाण तथा स्तरोन्नती | ३३३५५४ | ३२६२७० | २९३१२१ |
| ४२७।२०८१।३।१८ | कोसर डाँडा सडक निर्माण कार्य | ११२४०० | १०९९४१ | १००००० |
| १९।२०८०।४।१६ | देउजर पुरानो बाटो ट्रयाक खोल्ने | १११५५५५ | १०२५२२० | ९६४९०० |

९९ **पेश्की बाँकी :**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा पेश्की सम्बन्धि व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यक्रम तर्फको पेश्की एकिकृत गरी विवरण राख्नुपर्नेमा राखेको छैन । पेश्की सम्बन्धि विवरण नयाँ म.ले.प. फारम अनुसार अद्यावधिक रुपमा राख्नुपर्दछ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार कार्यालयले देहायका संस्था तथा व्यक्तिलाई आर्थिक वर्ष २०८०।८१ मा निम्न कार्यको लागि रुपेश्की दिएकोमा सो पेश्की नियम ५२(३) अनुसार म्याद नाघेकोमा उक्त पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभएकोले नियमानुसार फर्छ्यौट गर्नुपर्ने देखिन्छ । म्याद नाघेको पेश्की लगत गत आ.व. को लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएको कार्यालयले जनाएको छ ।

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिनेको नाम | चालु आ. व. | गत आ. व.सम्मको | जम्मा बाँकी पेश्की |
|---|---|---|---|---|---|---|
| १ | ०४/०१/२०८० | २ | अर्भान कन्स्ट्रक्सन प्रा.लि | ० | ३,०८,००० | ३,०८,००० |
| २ | ०४/०१/२०८० | २ | अर्भान कन्स्ट्रक्सन प्रा.लि | ० | १,८०,००० | १,८०,००० |
| ३ | ०४/०१/२०८० | २ | ड्रागन - रेगन जे. भी. | ० | ७,१९,०८० | ७,१९,०८० |
| ४ | ०४/०१/२०८० | २ | ड्रागन - रेगन जे. भी. | ० | ५०,००,००० | ५०,००,००० |
| ५ | ०४/०१/२०८० | २ | रविना कन्स्ट्रक्सन प्रा. ली. | ० | ५९,५६,००० | ५९,५६,००० |
| ६ | १०/२२/२०८० | १२८ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | ३,३५,४७३ | ० | ३,३५,४७३ |
| ७ | १२/१३/२०८० | १८९ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | १,७०,००० | ० | १,७०,००० |
| ८ | १२/२२/२०८० | २०५ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | ५,००,००० | ० | ५,००,००० |
| ९ | १२/२२/२०८० | २०५ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | ३,६९,६०० | ० | ३,६९,६०० |
| १० | ०१/३०/२०८१ | २६६ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | ७,१८,००० | ० | ७,१८,००० |
| ११ | ०२/०६/२०८१ | २७७ | सैयन कन्स्ट्रक्सन | ११,५५,००० | ० | ११,५५,००० |
| १२ | ०२/०७/२०८१ | २८१ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | ३,२५,००० | ० | ३,२५,००० |
| १३ | ०२/११/२०८१ | २९१ | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | १,७०,००० | ० | १,७०,००० |
| १४ | २०८१/०२/२९ | ३३२ | सैयन कन्स्ट्रक्सन | ७,८५,००० | ० | ७,८५,००० |
| १ | ०४/०१/२०८० | ३ | शक्तिखोर स्वास्थ्य चौकी | ० | ३०,००० | ३०,००० |
| २ | ०४/०१/२०८० | ४ | शक्तिखोर स्वास्थ्य चौकी | ० | ५०,००० | ५०,००० |
| १ | ०४/०१/२०८० | २ | डल्ली माया प्रजा | ० | २,९४,००० | २,९४,००० |
| २ | ०४/०१/२०८० | २ | सिद्धि गा.वि.स मार्फतको उ.स. | ० | ९,१३,४१३ | ९,१३,४१३ |
| कुल जम्मा | | | | ४५,२८,०७३ | १,३४,५०,४९३ | १,७९,७८,५६६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कालिका नगरपालिका, चितवन , कालिका नगरपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Keshab prasad upadhyaya | २०७९-४-२२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२१६,३८३ | ५,५९०,८२९.८ | १०,३९७,८३२.२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,२०५,०४५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,५३५,३८५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,६६९,६६० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ११९०७४७४५.९२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५५५२८९०७.५७ | चालु खर्च | ३८८०८६२९२.९६ |
| प्रदेश सरकारबाट अनुदान | ३१७८६८८७.११ | पूँजीगत खर्च | २८३३२९३२८.०३ |
| राजश्व बाँडफाँट | १९४०४७४२०.९ | वित्तीय/अन्य व्यवस्था | २१९१४४४३३.४१ |
| आन्तरिक आय | ५९८३३७८८.५४ | | |
| अन्य आय | २३८३२९८१२.६१ | | |
| कुल आय | ८७९५२६८१६.७३ | कुल खर्च | ८९०५६००५४.४ |
| बाँकी मौज्दात | | १०००४१५०८.२५ | |

## अनुसूची - २

## बेरूजु दफा ८४ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| ठेक्कानं | निर्माणव्यवसायी | योजना | लागत अनुमान रु. | सम्झौता रु. | कार्यसम्पन्न रु. | प्रयो भएको स्प्रे दर | प्रयोग भएको ट्याककोट (लि). | प्रयोग हुनुपर्ने ट्याक कोट (लि) | बढी परिमाण | दर | बढी भुक्तानीरु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 17/Works/NCB /KM/079/81 | जयभगवती निर्माण सेवा | नगरपालिकाभित्रका विभिन्न सडक मर्मत | ८६४७६८५ | ८३००४६ | ८१४५७५८ | ०.६५ | ७६६५ | ७०७५ | ५९० | १३० | ८६६१५ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस नगरपालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ :

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ । निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ । यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ । त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ । साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ । नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन ।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्योंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।